# नयाँ सन्दर्भ साप्ताहिक

**Naya Sandarbha Weekly**



**सबैको रोजाई**

मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका लागि
अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत

**विर्तासिटी हस्पिटल**
विर्तामोड, झापा



वर्ष : २५ अंक : ३६ पृष्ठ ६ भद्रपुर वि.सं. २०७८ बैशाख १२ *(April 25, 2021)* नेपाल सम्वत ११४१ मुल्य : रु.१०।-


### कोरोनाको दोश्रो आक्रमणप्रति

## भद्रपुर नगरपालिका नेतृत्वको चरम बेवास्ता:नेकां भद्रपुर



सन्दर्भ समाचारदाता

भद्रपुर । दोश्रो चरणको आक्रामक कोरोना संक्रमणको रोकथाम, नियन्त्रण र उपचारमा भद्रपुर नगरपालिकाले चासो नदेखाएकोमा नेपाली कांग्रेस भद्रपुरले गम्भीर आपत्ति जनाउँदै एक प्रेस बिज्ञप्ति जारी गरेको छ ।

उक्त बिज्ञप्तिमा भनिएको छ–, "संघीय र प्रदेश सरकारलाई नै पछ्याउँदै भद्रपुर नगरपालिका र यसको नेतृत्वले देखाएको चरम बेवास्ता र अव्यवस्थापनप्रति हाम्रो पार्टी नेपाली कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको छ । संक्रमणको दोश्रो लहर अझ बढी संक्रामक र कडा लक्षणयुक्त रहेको भनि जनस्वास्थ्यवीदहरुले बताइरहेको अवस्थामा समेत यस सीमावर्ती नगरको सार्वजनिक स्थानहरुमा स्वास्थ्य मापदण्डको परिपालना गराइएको छैन । जतातत्तै संक्रमितको संख्यामा तिव्र रुपमा वृद्धि भइरहेको अवस्थामा यसको साङ्लो चुडाउँने सम्वन्धमा कुनै निर्णय र पहलकदमी लिइएको छैन । सीमा पार भारतमा हुने आवतजावत लाई व्यवस्थित गर्न नसकी समयमै उपयुक्त होल्डिङ्ग सेन्टर तथा क्वारेन्टाइनहरुको व्यवस्था गर्नबाट नगरपालिका र यसको नेतृत्व समेत चुकेको अवस्था छ । यस्तो बेवास्ताले प्रकारान्तरमा घातक परिणाम निम्त्याउने निश्चित छ ।"

यसरी स्थानीय सरकारले आफ्नो जिम्मेवारी समयमै सहीरुपमा निभाउने प्रयत्न नगरेकोमा खेद ब्यक्त गर्दै, यो हर्कत नगरवासीको ज्यानसंग खेलबाड गरिएको आरोपसमेत लगाएको छ ।

बिज्ञप्तिमा भनिएको –, "कोरोना संक्रमित व्यक्तिहरुको कन्ट्याक्ट ट्रेसिङका लागि उच्च सक्रियता देखाउनु पर्ने यस घडीमा संघीय र प्रदेश सरकार जस्तै भद्रपुर नगरपालिका यसप्रति पुरै उदाशिन छ । निकट भविष्यमा ठूलो संख्याका व्यक्तिह? संक्रमणको चपेटामा पर्ने उच्च जोखिम रहेको अवस्थामा संक्रमितह?ले न्यूनतम चिकित्सकीय सेवा सम्म प्राप्त गर्न नसकी मृत्यु वरण गर्नु नपरोस भनि बेलैमा अत्यावश्यक स्वास्थ्य सामाग्रीको जोहो गरि स्रोत साधनले भ्याउने सम्मको न्यूनतम स्वास्थ्य पूर्वाधारह? निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्नु पर्नेमा त्यसो नगरि सरकारको स्थिति बाटो बिराएको यात्रीको जस्तो भएको छ ।"

बिज्ञप्तिमा स्थानीय सरकार भद्रपुर नगरपालिकालाइ खवरदारी गर्दै भनिएको छ–, "संघीय सरकार, प्रदेश सरकार र भद्रपुर नगरपालिका (यस नगरपालिकाका सम्बन्धमा) लाई कोरोना संक्रमणको दोश्रो लहरको यस समयमा परीक्षणको दायरालाई तिब्र रुपमा विस्तार गर्न, न्यूनतम स्वास्थ्य सामाग्री तथा पूर्वाधारको अविलम्ब व्यवस्था गर्न, कोरोना संक्रमित भई जटिल स्वास्थ्य समस्या देखिने विरामीहरुलाई पर्याप्त चिकित्सकिय सेवा सुनिश्चित गर्न, संक्रमणको फैलावटलाई रोक्ने प्रयोजनका लागि सिमा नाका व्यवस्थित गर्न तथा सीमा क्षेत्रमा उच्च निगरानी गर्न, स्वास्थ्य मापदण्डको आफूले पालना गरि आम नागरिकह?लाई अवलम्बन गर्न लगाउन लगायत कोरोना संक्रमणको रोकथाम, उपचार तथा नियन्त्रणमा आफ्नो शक्ति यथोचित रुपमा प्रयोग गरि आम नागरिकको जीवनको अधिकारप्रति उच्च संवेदनसिल रहन यसै विज्ञप्ती मार्फत खवरदारी गर्दछौं । साथै अस्पताल भर्ना हुनु पर्ने अवस्थाका नन कोभिड विरामीह?प्रतिको आफ्नो दायित्व नविर्सन समेत तिनै तहका सरकारलाई सचेत गराउँछौं । नागरिकको स्वास्थ्य तथा जीवन रक्षा सम्बन्धी कार्यमा अन्य क्षेत्रमा झैं यस नगरमा समेत हाम्रो पार्टीको तर्फबाट सरकारलाई पूर्ण सहयोग रहने नै छ ।"

साथै आफ्नो जिम्मेवारी बोधकासाथ बिज्ञप्तिमा नगरवासीलाई अनुरोध गर्दै भनिएको छ–," संक्रमणको स्थितिलाई मध्यनजर गर्दै धेरै मानिसको जमघट हुने स्थानमा भरसक नजानका लागि आदरणीय नगरवासीहरुलाई पार्टीको तर्फबाट अनुरोध गर्दछौं । सावुन पानीले हात धुने, सेनिटाइज गर्ने, बजार क्षेत्र, सार्वजनिक यातायात जस्ता भीँडभाडयुक्त ठाउँमा अनिवार्य ?पमा माक्सको सही प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने लगायतको स्वास्थ्य मापदण्डको परिपालना गर्न समेत नगरवासी लगायत सम्पूर्णमा हार्दिक अनुरोध गर्दछौं ।"

अन्त्यमा कोरोनाबाट निधन भएका भद्रपुरका युवाप्रति गहिरो समवेदना प्रगट गर्दै बिज्ञप्तिमा भनिएको छ–,"भारतबाट फर्की आएका भद्रपुर नगरपालिकाका स्थानीय एक युवा साथीको कारोना संक्रमणका कारण मिति २०७८।०१।०९ गते भएको निधन प्रति हाम्रो पार्टी नेपाली कांग्रेसको तर्फबाट गहिरो दुःख व्यक्त गर्दछौं । साथै उहाँ प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा समवेदना प्रकट गर्दछौं ।"जय नेपाल !

## किर्ते गरी जग्गा बेच्ने १० जना पक्राउ



सन्दर्भ समाचारदाता

भद्रपुर । झापा बिर्तामोडका स्व. टुंडगबहादुर बस्नेतको नामको करोडौं मूल्य पर्ने जग्गा किर्ते कागजात बनाएर बिक्री गरेको आरोपमा प्रहरीले १० जनालाई पक्राउ गरेको छ । पक्राउ परेकाहरूलाई जिल्ला प्रहरी कार्यालय झापाले बिहीबार सार्वजनिक गरेको हो । पक्राउ पर्नेमा वारेसनामा आफ्नो नाममा ल्याउने बाह्रदशी गाउँपालिका-३ हाल बिर्तामोड-२ चैतुवारी बस्ने ३९ वर्षीय मङ्गलसिंह राजवंशी, नक्कली जग्गाधनी बनेका बिर्तामोड-१० हाल कोटीहोम सुरुङ्गामा बस्ने ७१ वर्षीय देवीप्रसाद

**बाँकी पृष्ठ ५ मा**


## नव वर्ष २०७८ सालको

**नयाँ वर्ष २०७८ ले सबै दाजुभाइ, दिदिबहिनी, आमाबुवामा शुख शान्ति एवं प्रगति ल्यावोस् भन्ने हार्दिक मंगलमय शुभकामना टक्र्याउदछु ।**

**कोरोनाबाट बच्न, सधै मास्क लगाऔं । सेनिटाइजरको प्रयोग गरौं, साबुन पानीले हात धुऔं । सामाजिक दूरी कायम राखौं ।**

**धनजुजु श्रेष्ठ**
**समाजसेवी, भद्रपुर, झापा**






## माधव नेपाल पक्षलाई बाइपास गर्दै स्थायी कमिटी पुगर्नठन

काठमाडौं । एमाले अध्यक्ष केपी शर्मा ओलीले माधव नेपाल पक्षलाई बाइपास गरेर एकलौटीरुपमा स्थायी कमिटी पुगर्नठन गरेका छन् । शुक्रबार बालुवाटरामा आयोजित बैठकले नेकपा एमालेको स्थायी कमिटी पुनगर्ठन गरेको छ । बैठकले १८ सदस्यीय स्थायी कमिटी गठन गरेको हो ।

स्थायी कमिटीमा झलनाथ-माधव पक्षका नेताहरुलाई समेटिएको छैन । तर, वामदेव गौतमलाई भने समेटिएको छ । पुनर्गठित स्थायी कमिटीमा केपी शर्मा ओली, वामदेव गौतम, ईश्वर पोखेल, रामबहादुर थापा बादल,



बिष्णु पौडेल, सुवास नेम्वाङ, शंकर पोखेल, प्रदीप ज्ञवाली, लेखराज भट्ट, टोपबहादुर रायमाझी, सत्यनारायण मण्डल, बिष्णु रिमाल, छविलाल विश्वकर्मा, पृथ्वी सुब्बा गुरुङ्ग, रघुवीर महासेठ, केशव बडाल, मणि थापा, किरण गुरुङ र पुष्पराज कँडेल छन् पुनर्गठित नयाँ १८ सदस्यीय स्थायी समितिमा एक जना पनि महिला परेका छैनन् ।

एमालेको स्थायी कमिटीमा खनाल-नेपाल पक्षीय नेताहरु झलनाथ खनाल, माधव नेपाल, अष्टलक्ष्मी शाक्य, भीम रावल, सुरेन्द्र पाण्डे, योगेश भट्टराई, गोकर्ण विष्ट, भीम आचार्य, युवराज ज्ञवाली र मुकुन्द न्यौपाने सदस्य थिए । उनीहरू कसैलाई पनि कमिटीमा समेटिएको छैन ।


## नव वर्ष २०७८ सालको

नयाँ वर्ष २०७८ ले सबै दाजुभाइ, दिदिबहिनी, आमाबुवामा शुख शान्ति एवं प्रगति ल्यावोस् भन्ने हार्दिक मंगलमय शुभकामना टक्र्याउदछु ।

कोरोनाबाट बच्न, सधै मास्क लगाऔं । सेनिटाइजरको प्रयोग गरौं, साबुन पानीले हात धुऔं । सामाजिक दूरी कायम राखौं ।

**केशवराज पाण्डे**
**कोषाध्यक्ष-नेपाली कााँग्रेस, झापा**



**भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर (झापा) प्रदेश नं. १ को**

## जनहितमा जारी सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।



**अर्जुनधारा नगरपालिकाको कार्यालय**
**शनिश्चरे (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।



**रोश्नी ज्वेलर्स** भद्रपुर-१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
२४ क्यारेट
सम्पर्क : ९८६३६१४२७०





**ग्यालेक्सी इन्टरप्राइजेज**
भद्रपुर-१०, झापा
सेन्चुरी बैंक तल
०२३४५५९७२
निरज निरौला
९८५२६२०२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा विक्रेता



# सम्पादकीय

## कोरोनाको दोश्रो लहरबाट बचाउने दायित्व कसको हो ?

कोरोना भाइरसको दोश्रो लहरले यतिबेला विश्वका विभिन्न मुलुकलाई फेरि आक्रान्त बनाएको छ । छिमेकी मुलुक भारतमा दिन प्रतिदिन सक्रमण तीव्र रूपमा फैलिएपछि संक्रमण त्रासले नेपालीलाई सताउन थालेको छ । खुल्ला सीमाका कारण रोजगारीका लागि भारत गएका नेपाली तथा गैर नेपाली नागगरिकहरूको नेपाल फर्कने लर्को चलेको छ । सरकारले उचित व्यवस्थापनको दायित्व बहन गर्न नसक्दा आम नागरिकमा सन्त्रास उत्पन्न भएको छ। महामारीको दोश्रो लहर संगै लकडाउन होला कि ? खोपले काम गर्छ कि गर्दैन ? भन्ने आशंका जारी छ । भारतीय सिमानाको खुल्लापनले झापा जस्तो संवेदनशील जिल्लामा कोरोना संक्रमण नियन्त्रणका लागि राज्य पक्ष कमजोर देखिँदा संक्रमणले ज्यानमा जोखिम बढाएको छ । खासगरी विद्यालय उमेर समूहका बालबालिकामा संक्रमण देखिन थाल्दा समेत झापा प्रशासनले चासो राखेको देखिदैन ।

केहि दिनयता बालबालिकालाई कोरोना संक्रमण तीव्र देखिन थालेको झापामा अहिले पनि भीड र हुल हुज्जा शैलीमा पठनपाठन भइरहेको छ । विशेषतः झापा सदरमुकाम भद्रपुर लगायत स्थानमा विद्यार्थीहरूमा कोरोना फैलिँदै गएको जानकारी सार्वजनिक हुँदै आइरहे पनि कोभिड १९ रोकथाम तथा नियन्त्रण समितिले उचित निर्णय लिन सकिरहेको छैन । अभिभावकहरूमा त्रास बढ्दो गतिमा छ । विद्यालय सञ्चालन गर्ने कि नगर्ने भन्ने बहसले प्रमुखता पाएको भए पनि झापाका मेचीनगर, विर्तामोड र दमक नगर बाहेक अन्य सिमावर्ती नगर तथा गाउँमा समेत भीडमै विद्यालय चलिरहेका छन् ।

कुनैपनि ठाउँमा मानिसको जमघट हुन्छ भने त्यो कोरोना फैलनका लागि उपयुक्त वातावरण मानिन्छ । यसैलाई आधार मानेर हेर्दा शिक्षण संस्थाहरूमा जनस्वास्थको मापदण्ड अपनाउन असफल वा कमजोरी भएर कोरोना एक विद्यार्थीबाट अर्कोमा सर्न सक्ने जोखिम तीव्र छ। संक्रमण अन्ततः परिवारका अरू सदस्यहरूसम्म पुग्ने सम्भावना बढ्दै छ। कोरोना बालबालिकामा फैलिएको हो वा फैलिने वातावरण अनुकुल भएको यकिन छैन । पछिल्लो कोरोना पहिलो लहरको भन्दा अहिले बालबालिकामा संक्रमण बढी देखिन थालेको हो भन्ने यकिन हुँदा हुँदै विद्यालय भीडभाडमै चलाउन दिइनु जनश्वास्थ्यमाथि खेलवाड नै हो। कोरोना हाल समुदाय स्तरमा रहेको हुनाले अभिभावक मार्फत बालबालिकामा संक्रमण भइरहेको पनि हुनसक्छ अथवा विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको माध्यमबाट पनि कोभिड १९ संक्रमण विद्यार्थीमा पुगेको हुन सक्ने तथ्यलाई झापा कोभिड १९ नियन्त्रण समितिले बिर्सेको हो कि भन्ने गम्भीर प्रश्न खडा भएको छ। झापा कोभिड १९ नियन्त्रण समिति र स्थानीय तहलाई जिल्लाको सही स्थिति थाहा हुन्छ नकि काठमाण्डौंका पदाधिकारीलाई । त्यसैले केन्द्रमुखी भएर स्थानीय समस्या हलनहुने बारे समयमै होस् पुर्याउन उचित हुन्छ ।

गत वर्ष कोरोना संक्रमण उकालो लाग्दै गर्दा शिक्षण संस्थाहरू बन्द थिए। शिक्षण संस्था जाने र नजानेबीच संक्रमणको आक्रमकता छुट्याउन सकिएको थिएन । शिक्षण संस्थामा जाने र नजानेबीच संक्रमण अन्तर नदेखिएको विगतले यस पटक परीक्षण त गरिएको होइन ? प्रश्न सहित अबोध बालबालिकाको ज्यान जोखिम समेत बढ्दा चिन्ता थपिएको छ ।

यस पटक कोरोना संक्रमणको कारणले अस्पताल भर्ना हुने उमेर समूहमा पनि परिवर्तन आएको देखिन्छ। बालबालिका मात्र होइन युवाहरू पनि संक्रमित भइ अस्पताल भर्ना हुने गरेको दैनिक तथ्यांकको बढ्दो संख्याले पनि देखाउँदछ । जति अस्पताल भर्ना हुनेको संख्या बढ्छ, त्यति नै मृत्यु हुनेको संख्या बढ्ने सम्भावना रहने गर्छ । नेपालमा ल्याइएका खोपको प्राथमिकतामा युवाहरू सबैभन्दा पुछारमा परेको देखिन्छ। थप खोप ल्याउने मिति यकिन नहुँदा अन्योल बढेको छ । त्यसैले पनि कोरोनाको दोस्रो लहरको चपेटामा धेरैजना पर्ने देखिन्छ। कोरोनाको पहिलो लहरमा युवा समूह संक्रमित हुने गरेका थिए । तर मुख्यतः जेष्ठ नागरिक र दीर्घरोगीहरू अस्पताल बढी भर्ना र सो समूहमै मृतकको संख्या बढी थियो । हाल समुदायमा ठूलो संख्याले खोप लगाउन नपाएकाले दोस्रो लहरमा पनि जेष्ठ नागरिक तथा दीर्घरोगीहरु कोरोनाको जोखिमबाट धेरै टाढा भने छैनन् । त्यससितै बालबालिका र युवाहरू कोभिड १९ को दोश्रो संस्करणबाट ज्यान गुमाउनु पर्ने जोखिम तीव्र हुँदा हुँदै सदरमुकाम भद्रपुरका विद्यालय सञ्चालनमा वैकल्पिक विधि मिचेर भौतिक उपस्थितिमै जोड दिइरहेको नगर शिक्षा समितिमाथि पनि प्रश्न उब्जिएको छ । राज्यको नीति ढुलमुले हुँदा विद्यालय उमेर समूहका बाल बालिकाले ज्यान जोखिम मोलेर विद्यालयमा भौतिक उपस्थितिमै पठनपाठन गर्नु पर्ने विडम्बनाले तर्साइरहेको छ ।

---

### पश्चिमी इसाई समाजले पोषित व्यक्तीहरूद्वारा

# नेपाली समुदाय भित्र जातीय विष घोलेर फाइदा उठाउदै छन्



–सन्तोष आचार्य (संकलन तथा लेखन)

–हिन्दू राष्ट्रको हाम्रो धारणा सांस्कृतिक हो । हाम्रा प्राचीन एवं महान् संस्कृति, जीवन, मूल्यहरूले यसको रचना भएको छ । यही महान संस्कृतिको भावनालाई जनजनमा जगाए मात्र हाम्रो राष्ट्रजीवनले सही दृष्टि प्राप्त गर्न सक्नेछ। यसैले हाम्रा राष्ट्रसामु आइलागेका अनेकौं समस्याहरूको समाधानमा हामी सबैको प्रयत्न सफल हुने दिशानिर्देश गर्नेछ। अब यस दिशामा प्रयत्न गर्नु हाम्रा निम्ति अपरिहार्य भइसकेको छ।



पश्चिमी इसाई समाजले पोषित गरेको व्यक्तीहरूद्वारा जहिले पनि जबरजस्ती अन्य समुदायलाई आफ्नो धर्मकर्म मान्न बाध्य बनाए । मगर, थारू, शिल्पकार, नेवार, राई, तामांग आदि समुहको मानिसहरू हिन्दु होईनन भन्दै सदियौ देखि मिलेर बसेको नेपाली समुदाय भित्र जातीय विष घोलेर त्यसको फाईदा आफूहरूले उठाउदै आफ्नो धर्मान्तरणको धन्धालाई अघि बढाउदै गई रहेको कुरा यहाहरूमा सर्व विदितै छ । तसर्थ उनीहरूको आखा



खुलाउन तथा हाम्रो समाजमा भएको धार्मिक सहिष्णुतालाई दर्शाउन कै लागि मैले यहा नेपालका केहि पौराणिक मन्दिर हरूमा सेवा प्रदान गर्ने पुजारी र उनीहरूको





जातको बारेमा लेख्ने जमकी गरेको छु ।

वैशाख पूर्णिमा देखि पञ्चमीसम्म किराती संस्कृतिमा चण्डी नाच नाचिन्छ । चण्डी भगवती भनेको दुर्गा कै नाम हो । किराती संस्कृतिमा सुम्निमा र पारुहाङ भनेर पूजीने वैदिक देवता महादेव र पार्वती नै हुन् । गुरुङ र मगर जातिमा प्रचलित घाटु नाच, श्रीपञ्चमीका दिन विधिपूर्वक पूजा गरेर आरम्भ गर्ने गरिन्छ । त्यस्तै सोरठी नृत्यमा पहिले सरस्वती जगाउने गरिन्छ । यसमा पौराणिक तथा ऐतिहासिक कथाहरू समेटेर गाउँने र नाच्ने गरिन्छ । मारूनी नाचमा रामायण, महाभारत आदी धार्मिक ग्रन्थहरूका कथालाई लोक गाथामा मिलाएर गाउने गरिन्छ । अनि कसरी किरात सभ्यता लाई हिन्दु सस्कृति बाट अलग राख्न सकिन्छ ?

अधिकांश तराई, पहाड र हिमालमा बस्ने नेपालीको जन्मदेखि मृत्युसम्मका सारा संस्कार र रीतिथितिको आधार हिन्दूधर्म नै हो । यी सबै दृष्टिकोणले पनि नेपालको हजारौं वर्ष पुरानो एउटा विशिष्ट सांस्कृतिक पहिचान भनेको 'हिन्दुत्व' नै हो । वेद, धर्मको मूल हो । (वेदोऽखिलो धर्ममूलम्) भनिएको छ । वेदका आधारमा व्याख्या गरिने वैदिक सनातन धर्म नै हिन्दू धर्म हो र विश्वमा सबैभन्दा जेठो वैदिक संस्कृति नै हिन्दू संस्कृतिका नामले परिचित छ। यस दृष्टिले नेपालमा प्राचीन वैदिक कालदेखि नै हिन्दू धर्म स्थापित छ। नेपालकै भूमिमा अनेकौं ऋषिमुनिहरूको जन्म भएको थिए र यहीँ बसेर उनीहरूले साधना गरेका थिए । दमौलीमा व्यास ऋषिले, कोशी किनारमा विश्वामित्रले र अर्घाखाँचीमा पाणिनीले साधना गर्नुभएको कुरा डा. स्वामी प्रपन्नाचार्यले 'मिल्केका झिल्का' पुस्तकमा उल्लेख गर्नुभएको छ । त्यस्तै, राजर्षिका रूपमा 'जनक-परम्परा' नेपाली भूमिकै मिथिला संस्कृति हो । नेपाल र नेपाली जनजीवनका पहिचान सामाजिक, सांस्कृतिक चाड-पर्व, कला-साहित्य आदि मूर्त र अमूर्त संस्कृतिको सीधा सम्बन्ध हिन्दू धर्म र यसैको कालगणना (तिथि-मिति पात्रो) सँग जोडिएको छ ।

महागुरु फाल्गुनन्द सम्पूर्ण नेपालीलाई सतर्क गराउँदै भन्नुभएको छ, "अर्काको नक्कल गर्दा आफ्नो सक्कली पहिचान हराउने भएकाले आफ्नो धर्म-संस्कृति, सभ्यता र कर्ममा अडिग रही बस्नु ।" उक्त भनाइ वर्तमान समयमा झनै प्रासङ्गिक भएको छ । तसर्थ नेपालमा प्राचिन समय देखि कहा कहा कुन जातिको पुजारीहरूले सेवा पुर्याउदै आउनु भएको छ त्यसको बारेमा मैले संकलन गर्ने सानो प्रयास गरेको छु, जुन यस प्रकार रहेको छन् :–

कहा कुन जातीको पुजारी ?

१. बराहक्षेत्र मन्दिरमा कुनैपनि पर्वमा मगरलाई अगाडि राखिन्छ जसलाई कोठारी भनिन्छ। दशैमा पहिला कोठारीलाई टीका लगाएपछि मात्रै अरुका लागि टीका खुल्छ ।

२. नेपालको जति पनि बली दिईने कोटहरू छन् सबै ठाउमा प्रायः मगर पुजारी रहेका छन् ।

३. धादिङको त्रिपुरासुन्दरी मन्दिरमा मगर पुजारी छन् ।

४. तनहुको थानीमाई मन्दिरमा ३ जना मगर जातका पूजारीहरू छन् ।

५. सल्ल्यानकोटमा पनि वि.स. १६१६ देखि मगर थरका पुजारी छन् ।

६. बानेश्वरस्थित छकुबकु मन्दिर मा सुकुमाया रोक्का मगर पुजारी छिन ।

७. शाहकालीन राजाहरूको पुख्यौली थलो स्याङ्जाको लसर्घामा आलमदेवी मन्दिर छ। आलमदेवीको मन्दिरमा मास्की राना मगरको व्रतबन्ध भएको तर विवाह नभएको कुमार केटा पुजारी बस्ने चलन छ।

८. गण्डकी प्रदेशमा खान, शाह र सेन वंशका कोटहरू छन् । ती पुराना राज्यका राजधानीमा अवस्थित प्रायः देवीदेवताका मन्दिरमा मगर पुजारी छन् ।

९. गोरखाको गोरखकाली मन्दिरमा नवारत्रीमा चोखोनितो गरेर मासीं चामल को भात पकाउने महिला मगर छिन। उनले त्यो भात बाट जाड बनाउछीन र त्यही जाँड महाअष्टमी अर्थात् कालरात्रिमा केराको पातमा पोको पारेर मध्यरातमा कालीलाई 'हरओम तत्सत।।' भन्दै चढाउँछिन् ।

१०. लमजुंगको उत्तर कन्या मन्दिरमा घलेहरू पुजारी रहेका छन् ।

११. नेपालको प्रशिद्ध मन्दिर मनकामनामा २१ औं पुस्ता देखि लगातार एकै घर परिवार भित्रको मगर जातिको पुजारी छन् ।

१२. स्याङ्गजाको चण्डीथान मन्दिरमा पनि मगर पुजारी रहेका छन् ।

१३. स्याङ्जाको आलमदेवी मन्दिरमा मगर पुजारी छन् ।

१४. तनहुको छाब्दि बहारमा पनि मगर पुजारी रहेका छन् ।

१५. तनहुको थानी माइ मन्दिरमा तीन जना मगर पुजारीहरू रहेका छ्न साथै त्यस मन्दिरमा दुई जना भोटिनी दिदिबहिनीलाई देवी मानेर पुजा गरिन्छ ।

१६. दांगको बाह्रकुने ताल को बाराही मन्दिरमा घर्ती मगर पुजारी छन् ।

१७. स्याङ्जाको आलमदेबि जहा शाह बंशीय राजाहरुले आफ्नो कुल पुजा गर्नुहुन्छ त्यहाको पुजारीपनि मगर रहेका छन् ।

१८. धादिंगको सल्यानकोटको माई मन्दिरमा राना मगर पुजारी रहेको छन् १

१९। धरानस्थित बूढा सुब्बा मन्दिरको पुजारी मगर छन् । भक्तजनले भेटीका रूपमा जाँड, रक्सी, सुर्ती, चुरोट, बिँडी, सुँगुर, कुखुराको भाले चढाउँछन् । समाजशास्त्रमा विद्यावारिधी गररिहेका कमल तिगेला बुढासुब्बा मन्दिर खेवा लिम्बू वंशका अगुवाको चिहान भएको खेवा वंशावलीमा उल्लेख रहेको बताउँछन् । त्यसैले लिम्बूहरूले यसलाई आफ्नो आस्थाको केन्द्र मान्दै आएका छन् । पुजारी डम्बरबहादुर आलेमगर आफ्नो परिवारले पूजा गर्न थालेको १५औं पुस्ता भएको बताउँछन् ।

२०. विष्णुपादुकामा मन्दिरमा वली राना मगर पुजारी छन् ।

२१. गोरखाको कालिका दरबारमा काली स्थापना गरेको ठाउँमा मगर पुजारीबाहेक अरु पस्न पाउँदैनन् ।

२२. मुक्तीनाथ मन्दिरमा प्राचिनकाल देखि भोटे, शेर्पा जतिको कन्या पुजिन्छ । अनि भोटे र शेर्पा कसरी मुक्तीनाथ मन्दिर देखि अलग भयो ?

२३. काठमाडौंको विनायक मन्दिरमा नेवारको वैश्य समुदायको ज्यापु पुजारि छन् ।

२४. काठमाडौंको गुह्येश्वरी, पाटनको भीमसेनका पुजारी बज्राचार्य छन् ।

२५. कन्केस्वरी इन्द्रायणी मन्दीरमा पोडे (नेवार समुदायको कथित तल्लो जात) जातीको पुजारि रहेका छन ।

२६. पालुपाको श्री रणउजेश्रोरि मन्दिर जसले प्राचिन ईतिहास बोकेको छ त्यहा पहिले देखि नै नेवार पुजारि छ्न ।

२७. ललितपुरको बगलामुखीमा कुसुले थरका देवपाला छन् ।

२८. काठमाडौँमा पचली भैरव भएर नाच्ने कसाही वा खड्गी हुन् ।

२९. काठमाडौँ उपत्यकामा नरदेवीका गण भएर नाच्ने ज्यापु छन् ।

३०. हरिसिद्धिको नृत्य गर्ने सबै ज्यापू समुदायका छन् ।

३१. भक्तपुरको महाकाली नृत्य गठु (मालाकार) ले गर्छन् ।

३२. नेवारका जोशीहरूले साँखु बज्रयोगिनीलाई आफ्नो कुलदेवता मान्छन् जहा बज्राचार्य पुजारी छन् ।

३३. भक्तपुरको सुर्य विनायक मन्दिरमा कथित नेवार समुदायको तल्लो जात भनिएको धौला पोडे जातिको पुजारी छन् ।

३४. धुलिखेलको प्रसिद्ध भगवती मन्दिरमा नेवारको कर्माचार्य थरिको पुजारी छन् ।

३५. काठमाण्डौको दक्षिणकालीमा नेवार जातिको बज्राचार्य थरीका पुजारी छन् ।

३६. काठमाडौंको शोभा भगवतीमा पनि बज्राचार्य थर कै पुजारी छन् ।

३७. भक्तपुरको नवदुर्गा मन्दिरमा पनि नेवार कुल कै बज्रचार्यहरू पुजारी छन् ।

३८. काभ्रेको पलान्चोक भगवतीमा बज्राचार्य कुलका पुजारी छन् ।

३९. भद्रकाली मन्दिरमा नेवारी कुलका कर्माचार्य थरीका पुजारी छन् ।

४०. नुवाकोटको भैरवीदेवी मन्दिर र देवीघाटमा रहेको जालपादेवी मन्दिरलाई दिदी बहिनी मानिन्छ। नुवाकोट भैरवी मन्दिरमा नेवारको ज्यापु (डंगोल) र बज्राचार्य थरीका पुजारी छन् । भैरवी मन्दिरलाई जीवित देवताको प्रतिक मानिन्छ ।

४१. बाराको गढीमाई मन्दिर जहा १० हजार भन्दा बढी रागा, बोकाको बली दिईन्छ त्यहा थारू पुजारी रहेको छन्

४२. सप्तरीको राज राजेश्वरी मन्दिरमा पनि थारू समुदाय कै पुजारी छन् ।

४३. राजविराज, सप्तरीको राजदेवी मन्दिरमा थारु पुजारी छन् ।

४४. कैलालीको कैलारि गा.पा.को बनदेवि भगवती मन्दिरमा थारू जातिका पुजारी छन ।

४५. चितवनको बिक्रम बाबा मन्दिरमा थारू पुजारी रहेको छन् ।

४६. सुर्खेत देउतिवज्यै मन्दिरमा पनि थारू समुदायको पुजारी देख्न सकिन्छ ।

४७. नवलपरासीको प्रसिद्द मन्दिर बाबा बरदगरिया जहाँ १११११०१ जना कन्याको पुजा गरिएको थियो त्यहापनि थारु पुजारि छन् ।

४८. दुहवीको शिव मन्दिरमा थारू समुदायको पुजारी छन् ।

४९. लुम्बिनीमा मायादेवी मन्दिरको पुजारी मधेसी समुदायका पाण्डे बाहुन थिए । लुम्बिनी विकास कोषले बाहुन पुजारी भनेर हटाइदियो । तर, बुद्धले ज्ञान प्राप्त गरेको बोधगयामा अझै बाहुन पुजारी रहेको प्रा गुरुङ बताउँछन् । उनका अनुसार ती पुजारी बिहान(बेलुकी विष्णु सहस्रनाम वाचन गरेर आरती गर्छन् । मायादेवी मन्दिरमा रहेको बौद्ध भिक्षु र बाहुन पुजारी संयुक्त रूपमा मिलेर पूजा गर्दछन ।

५०. ताप्लेजुंगको प्रशिद्ध मन्दिर पाथिभरा देवी वा किराती मुन्धुम अनुसार 'मुलुमलुङमा' मन्दिर लिम्बुजातीको संरक्षणमा छ । रिसिङ' नाम गरेका लिम्बु ऋषि तपस्या गरेको भन्ने मान्यता छ । पुजारी ब्राम्हण भएपनि लिम्बुहरुको रैथाने देवताको रूपमा मानिन्छ ।

५१. ललितपुरको सानो हात्तीवनको माङहिम मन्दिरमा राई, याख्खा, सुनुवार र लिम्बूको लागि ४ अलग अलग ढोका छन् जसमा राई र लिम्बु पुजारी छन् ।

५२. धनकुटाको जालपादेवी मन्दिर अर्थात छिन्तांग देवीको मन्दिरमा राई पुजारी छन् जहा महिला निषेधित छ । यो मन्दिरको आफ्नै गुठी छ । तीन सय मुरीको सेराफाँट गुठी छ । त्यो गुठी पनि राई पुजारीकै नेतृत्वमा सञ्चालित छ ।

५३. हेटौंडा नगरको प्रसिद्ध देवी भूटनदेवी मन्दिरमा दनुवार राई पुजारी छन् ।

५४. भोजपुरको रक्तकाली, सतीदेवी, जाल्पादेवी मन्दिरमा राई पुजारी रहेका छन् ।

५५. खोटांग हलेसी महादेवको मन्दिरमा पनि राईहरू कै अध्यक्षतामा पुजारी रहेको छन् । उक्त मन्दिरमा एक मूल पुजारी र दुई बाल पुजारी रहेका छन् ।

५६. भेडेटारको देवीमन्दिरमा लिम्बु पुजारी रहेका छन् ।

५७. इलामको देवी मन्दिरमा पुजा गर्ने ब्राम्हण भएपनि पहिले त्यहा लिम्बु पुजारी थिए तर अहिले तामांग पुजारी बस्दछन ।

५८. कालीकोटको देवी मन्दिरमा सार्की पुजारी छन् ।

५९. सुदूरपश्चिम प्रदेशको डोटीको प्रसिद्ध शक्तिपीठ सालमुनि मन्दिरको पुजारी नै दलित समुदायका छन् ।

६०. गुल्मीको जयखानीको ऐतिहासिक कोतमा पनि दलित पुजारी रहेका छन् ।

६१. घोराही उपमहानगरपालिका-१८ स्थित नागेश्वर महादेव मन्दिरमा विश्वकर्मी थरीको एक महिला पुजारी छिन

६२. बैतडीको वनारसी धाममा पनि दलित पुजारी रहेका छन् ।

६३। गुम्लीको ह्वाङदीमा रहेको व्रम्हाहस्त निशेल गौतम देवालयमा शिल्पकार ९दलित० पुजारी रहेको छ्न ।

६४. बन्दीपुरको खड्गदेवी मन्दिरमा कामी र मगर पुजारीले देवीलाई बोकी शोभायात्रा गराउने, नेवारहरुले मंगलधुन बजाई भजन किर्तन गर्ने तथा व्यवस्थापन पक्ष हेर्ने, दमाईले मंगलधून र नगरा बजाउने, सुनारले देवीका गहना उजिल्याई शोभायात्राको अन्तिममा देवीलाई चढाउने र अन्य जातिकाले शोभायात्राभर सेवा, धूपबत्ती बाल्ने र गुरुङ समुदायले शोभायात्रामा पहरा र सुरक्षा दिने अनि उक्त रात चुड्का प्रदर्शन गर्ने गर्दछन ।

६५. बाँकेको डुडुवा गाउँपालिका-५ कम्मरजँहा स्थित बाबाकुटी मन्दिरका पुजारी महमद थरीका मुस्लिम रहेका छन् ।

६६. मुस्ताङको मुक्तिनाथ मन्दिरमा भोटे समुदायकी झुमा र आर्य समुदायका बाहुन पुजारीले एकसाथ मन्दिरको रेखदेख र पूजाआजा गर्छन् । आदि

यसरी सदियौ देखि हिन्दु समाजमा जहा जुन जाति को बसोवास रहदै आएको छ उक्त क्षेत्रमा त्यहिको स्थानीय जाति नै पुजारीको रूपमा उक्त मन्दिरमा पुजापाठ एवं मन्दिर सम्पदाको संरक्षण गर्दै आउनु भएको छ । तरपनि इसाईद्वारा संचालित केहि सस्थाहरूले नेपालको धर्म, सस्कृति, सभ्यता, परम्परा, मौलिकता, रितिरिवाज, पुरातत्व, पहिचान, साहित्य, कला, भाषा, इतिहास, भाईचारा, जातीय सहिष्णुता आदिलाई सिध्याउनको लागि ठुलै प्रयत्न गरि रहेको छन् । यहा जातीय विखण्डन एवं छुतअछुत भनि सदियौ देखि रही आएको भाईचारामा विष घोलेर भताभुंग बनाउने प्रयास गरिएको छ । जसको दिनानुदिन शिकार बनिरहेको छ आजको अर्ध शिक्षित समाज ।

राई, लिम्बु, मगर, गुरूंग, तामांगहरूको धर्म किरात होईन भनेर उनीहरूलाई बौद्ध, युमा साम्यो, बोन, प्रकृति पुजक आदिमा विभाजन गरियो । त्यसपछि शिल्पकार समाजलाई तिमीहरूलाई बाहुनहरूले परापुर्वकाल देखि नै पढ्न दिएनन, मन्दिर छिर्न दिएनन, अछुत बनाए तरपनि किन तिमीहरू हिन्दु धर्ममा बसी रहेको छौ ? शिल्पकार समाज भनेको अहिन्दु हो । सबै अहिन्दुहरू मिलेर अब हिन्दु सग युद्द गर्नु पर्छ । यिनीहरूलाई देशबाट बाहिर निकाल्नु पर्छ भन्दै समाजमा जातीयताको विष घोलेर देशमा जातीय युद्ध गराउन तयार छन् इसाई द्वारा पोषित अकी एक समुह ।

त्यतिमात्र नभएर सनातन सस्कृतिमा टिका लगाउने सम्वन्धमा समेत इसाई द्वारा पोषित समुहहरूले धेरै चलखेल गरिएको देखिन्छ । सुरुमा सबै जनजाति तथा क्षेत्री ब्राह्मणहरूले पनि सेतै टीका लाउने चलन थियो । तर पछिल्लो समय रातो रङ पाइन थालेपछि मात्रै सबैले रातो टीका लाउन थालेको हुन् । रातो रंगको अभाबमा विभिन्न वनस्पती कुटेर त्यस बाट रंग निकाली टिका लगाउने गरेको कथनहरू पनि यदाकदा सुन्नमा पाईन्छ । मस्टो पुजक एवं तराईको आदिवासी समुदायले रंगको अभाबमा बली दिईएको पशुको रगतमा चामल मुछेर टिका लगाउने गरेको प्रमाणहरू पनि पाईन्छ। नेवार समुदाय भनेको व्यापारी समुदाय भएको र व्यापारको शिलशिलामा यात्रा गरिरहने भएकाले सबैभन्दा पहिले नेवार समुदायले नै दसैँमा रातो टीका लगाउन शुरू गरेका थिए भन्ने प्रमाणहरू पनि यदाकदा पढ्न पाईन्छ। तसर्थ भ्रमको विष घोलेर सहिष्णु समाजलाई एक अकीको दुश्मन बनाउने जुन परिपाटीको आज नेपालमा अभ्यास हुदैछ यसलाई नेपाल सरकारले समयमा नै रोक्न सकेन भने यहा भयावह परिणाम घट्न सक्ने कुरो निश्चित छ । जय सनातन । नेपाल आमाको जय ।

साहित्य खेलकुद मनोरञ्जन स्वास्थ्य

# प्रोस्टेट वढ्ने कारण र उपचार



प्रोस्टेट के हो त भन्ने आम मानिसमा जिज्ञासा बढनु स्वभाविक हो। यो एउटा ग्रन्थी हो र यो पुरुषमामात्र हुन्छ। यो पिसाव थैली मुन्तिर थैलीबाट निस्कने मुत्रनली९युरेथ्रा०लाई घेरेर बसेको हुन्छ। जन्मेदेखि नै सानो आकारमा रहने यो ग्रन्थी उमेर सगै बढ्छ। वयस्क उमेरमा यसको तौल २० या २२ ग्रामसम्म पुग्छ। यो समान्य हो। यो ग्रन्थिले मुत्र प्रणालीलाई सहयोग गर्छ र सेक्स हमीनको पनि उत्पादन गर्छ। साथमा अण्डकोषबाट आउने विर्यलाई यसबाट निस्कने तरल पदार्थले सुरक्षित रुपमा सम्भोगको समयमा महिलाको योनीमार्ग हुदै पाठेघरसम्म लैजान सहयोग गर्छ। जब यसको आकारमा बृदि हुदै जान्छ र व्यात्तिलाई असहज जान्छ, जस्तै पिसाव छिनछिनमा लग्ने, राती निक्कै पटक उठनु पर्ने, पिसाव फेर्न निक्कै समय लाग्ने, ननिथ्रिएको महशुस हुने, फेरीसकेपछि पनि पुनः जाउ जाउ लाग्ने, रोक्न मुस्किल हुने, कसैकसैलाई यौन चाहना हराउने, तल् लो पेट दुख्ने, भारी हुने या पिसाव पूर्ण रुपमा रोकिने जस्ता लक्षणले सताउन थाल्छ। यस्ता लक्षण देखिएमा उपचारको आवश्यकता हुन्छ।

–डा.लेखनाथ नेउपाने

विशेष गरेर रातको समयमा बढी पिसाव लाग्ने, चाडो चाडो पिसाव फेर्न उठनु पर्ने, पिसाव खुलेर नहुने, निक्कै बेरसम्म आइरहने, धारो सानो आउने, थोपा थोपा आउने, कन्नुपर्ने र तल्लो पेट दुख्ने, भारी महशुस हुने कहिलेकाही ठाउँमा पुग्न नभ्याईने, पिसाव गर्दा पोल्ने, रगत देखापर्ने जस्ता समस्या पुरुषहरुमा देखापर्छन। यही र यस्तै खाले समस्याहरुलाई प्रोस्टेटको समस्या भनिन्छ।

चालिस वर्ष नाघीसकेका पुरुषहरुमा देखा पर्ने एउटा गम्भिर समस्या हो प्रोस्टेट। प्रोस्टेट ग्रन्थी पुरुषमामात्र रहने हुदा प्रोस्टेटलाई पुरुष ग्रन्थी पनि भनिन्छ। धेरैजसो पचाँसदेखि सत्तरी वर्ष बीचका पुरुष यो र यस्तै खाले लक्षणहरु लिएर क्लिनिक धाउनेको सख्या दिन प्रतिदिन वढदै गएको देखिन्छ। यता अप्रेशन गराउनेको संख्या पनि बढदो छ। यसकासाथै यौन दुर्वलता पनि यही उमेरमा धेरै देखिने हुनाले हमीनको कमीका कारण चाडोचाडो ग्रन्थि वढ्ने गर्छ। उमेरले डाडा काटे पनि मन बुढो नहुने हुदाँ हरेक खाले चाहना मानिसमा रहिरहन्छ। राती आन्नदले निदाउने कुरालाई प्रोस्टेटले रोक्न सक्छ। छिनछिनमा पिसाव गर्न उठिरहनु पर्ने वाँध्यताले अरु समस्या जन्मिन सक्छ।

यसरी नै बिना अप्रेशन प्रोस्टेट पीडितलाई राहत दिन सकिन्छ औषधीको माध्यमबाट पनि। होमियोप्याथिक, आर्युर्वेदिक तथा योग चिकित्साबाट हजारौं प्रोस्टेट रोगीहरुले राहत पाएका छन्। नियमित व्यायाम खानपिनमा सरलता अर्थात सहजै पच्नसक्ने शाकाहरी भोजन एउटा सहज माध्यम हो। मासहारीले पनि पोलेको, धेरै मसला भएको र पटक पटक पकाएको मासु नखाने। दैनिक फलफुलको मात्रा थोरै भए पनि सेवन गर्ने। एउटा अध्ययन अनुसार हाम्रो शरीरलाई आवश्यक पर्ने लाइकोपेन भन्ने तत्वको कमी भएमा शरीरमा विशेष गरेर प्रोस्टेट ग्रन्थिमा क्यान्सर लाग्न सक्छ। यो हुनबाट बचाउछ लाइकोपेनले। र, लाइकोपेन फलफुलमा पाईन्छ। जस्तै गोलभेडा, अमला, कागती, रुख टमाटर, स्याउ र धेरै बियाँ भएका तरकारी र पहेला फलफुलमा यो पाइन्छ।

प्रोस्टेट के हो त भन्ने आम मानिसमा जिज्ञासा बढनु स्वभाविक हो। यो एउटा ग्रन्थी हो र यो पुरुषमामात्र हुन्छ। यो पिसाव थैली मुन्तिर थैलीबाट निस्कने मुत्रनली९युरेथ्रा०लाई घेरेर बसेको हुन्छ। जन्मेदेखि नै सानो आकारमा रहने यो ग्रन्थी उमेर सगै बढ्छ। वयस्क उमेरमा यसको तौल २० या २२ ग्रामसम्म पुग्छ। यो समान्य हो। यो ग्रन्थिले मुत्र प्रणालीलाई सहयोग गर्छ र सेक्स हमीनको पनि उत्पादन गर्छ। साथमा अण्डकोषबाट आउने विर्यलाई यसबाट निस्कने तरल पदार्थले सुरक्षित रुपमा सम्भोगको समयमा महिलाको योनीमार्ग हुदै पाठेघरसम्म लैजान सहयोग गर्छ। जब यसको आकारमा बृदि हुदै जान्छ र व्यात्तिलाई असहज जान्छ, जस्तै पिसाव छिनछिनमा लग्ने, राती निक्कै पटक उठनु पर्ने, पिसाव फेर्न निक्कै समय लाग्ने, ननिथ्रिएको महशुस हुने, फेरीसकेपछि पनि पुनः जाउ जाउ लाग्ने, रोक्न मुस्किल हुने, कसैकसैलाई यौन चाहना हराउने, तल् लो पेट दुख्ने, भारी हुने या पिसाव पूर्ण रुपमा रोकिने जस्ता लक्षणले सताउन थाल्छ। यस्ता लक्षण देखिएमा उपचारको आवश्यकता हुन्छ।

कारणहरुः शरीरमा उत्पन्न हुने हमीन (रसराग) टेस्टोस्टेरोनको कमी हुदैजादा प्रोस्टेटको समस्या देखापर्छ। यसरी नै वंशानुगत र पटक पटक पिसावमा देखिने संक्रमण अनि संक्रमणका कारण प्रोस्टेट सुन्निनु हो। नियोप्लाजम नामक कोषहरुको अनावश्यक बृदि हो। यस्तो अवस्थालाई फाइब्रोमायोएडिनोमा भनिन्छ। यसका साथै अन्य कारणहरु पनि हुनसक्छन।

विषेशगरेरफाइब्रोमायोएडिनोमाबेनाईन र कार्सिनोजेनिक अर्थात क्यान्सर हुने र नहुने गरेर दुई रुपमा देखापर्छ। कसैकसैमा प्रोस्टेट सुन्निएर नघटेको अवस्था पनि हुन्छ। यो अवस्थामा पनि माथीकै लक्षणहरु देखा पर्ने र ती लक्षणहरु रहिरहन सक्छन। हेर्दा आकार सामान्य भन्दा ठूलोमात्र भएको अवस्थामा पनि विरामीले नियमित जाच भने गराउनु पर्छ। प्रोस्टेटको आकार धेरै ठूलो नदेखिए पनि पिसाव आउने नलि वरपर अनावश्यक बोसो या अनावश्यक कोषको विकास भएमा पनि पिसाव रोकिने दुख्ने जस्ता लक्षणहरु देखा पर्छन्। पिसाव फेरिसकेपछि पनि मुत्र थैलिमा केही मात्रामा पिसाव रहन्छ। यो अवस्थामा पनि पिसाव बारबार लाग्ने र ननिथ्रिएको जस्तो हुन्छ। यसरी नै पुरुषहरुमा प्रोस्टेट क्यान्सर उच्च दरमा देखिएको छ। प्रोस्टेट वढेको अवस्थामा जस्तै प्रोस्टेट क्यान्सरमा पनि तिनै लक्षणहरु देखिने हुदा सजग रहनुपर्छ। जस्तै पिता पुर्खामा क्यान्सरको इतिहास, आफैमा क्यान्सरको उपचार चलिरहेको अवस्थामा या प्रोस्टेटको अप्रेशन पस्चात पनि उही समस्या देखिएमा पिसाव गर्दा पोल्ने, दुख्ने भएमा, रगत देखिएमा एक पटक जाच गराउनु राम्रो हुन्छ। दिसा द्धारबाट औला छिराएर प्रोस्टेट वढेको छ या छैन थाहा पाउन सकिन्छ। आजकल त अल्ट्रासाउन्ड९भिडियो एक्स्रे० गराएर सजिलै कति ग्राम र कस्तो अवस्थामा छ भन्ने पत्ता लाग्छ। यसरी नै कति मिलिलिटर पिसाव फेरिसकेपछि पनि थैलिमा रहन्छ भनेर पत्ता लगाउन सकिन्छ। जति धेरै पिसाव थैलीमा पिसाव फेरिसकेपछि पनि रहन्छ त्यतिनै छिटो छिटो पिसाव लाग्ने र ननिथ्रिएको महशुस हुनेगर्छ।

विरामीको उमेर, रोगीको अवस्था र प्रोस्टेटको आकारका आधारमा उपचार विधि अपनाइन्छ। विशेष गरेर औषधीको सेवन गरेर वढदै गरेको प्रोस्टेटलाई अरु वढनबाट रोक्ने। यदि औषधीले वढनबाट रोक्न सकेन र बिरामीलाई असहज भइरहेमा अप्रेशन अथवा वढेर गएको अनावश्यक कोषहरुलाई खुर्केर फ्याक्ने गरिन्छ। दोस्रो उपचार सुन्दा सजिलो लागे पनि खर्चको अभावमा र सहज सेवा उपलब्ध नभएका कारण दुर-दराजमा वस्ने अधिकाश नागरिकहरुले यस्तो खालको सेवा लिन सकेका छैनन्। यसमा पनि अप्रेशन असफल हुने र समस्या दोहोरीने घटनाहरु बढी भएकाले धेरै रोगीहरु रोग सहेर बस्न बाँध्य छन्।

समय समयमा पुनः जाच गराउनु पर्छ भन्ने ज्ञानको कमी र अभावले पनि उपचार असफल भएको पाइन्छ। एक पटक जाँच या अप्रेशन गराएपछि अब पुग्यो, जानु पर्दैन भनेर बस्नु राम्रो होइन। कम्तीमा पनि वर्षमा एक पटक जँचाउनु उचित हुन्छ। यसका साथै भविष्यमा प्रोस्टेट क्यान्सर हुन पनि सक्छ भन्ने कुरा ध्यानमा राखेर एउटा रगतको परीक्षण गराउनु राम्रो हो। त्यो जाचलाई पिएसए भनिन्छ। यो जाचबाट भविस्यमा हुन सक्ने क्यान्सर बेलैमा थाहा पाएर बच्ने उपाय अपनाउन सकिन्छ।

यसरी नै बिना अप्रेशन प्रोस्टेट पीडितलाई राहत दिन सकिन्छ औषधीको माध्यमबाट पनि। होमियोप्याथिक, आर्युर्वेदिक तथा योग चिकित्साबाट हजारौं प्रोस्टेट रोगीहरुले राहत पाएका छन्। नियमित व्ययाम खानपिनमा सरलता अर्थात सहजै पच्नसक्ने शाकाहरी भोजन एउटा सहज माध्यम हो। मासहारीले पनि पोलेको, धेरै मसला भएको र पटक पटक पकाएको मासु नखाने। दैनिक फलफुलको मात्रा थोरै भए पनि सेवन गर्ने। एउटा अध्ययन अनुसार हाम्रो शरीरलाई आवश्यक पर्ने लाइकोपेन भन्ने तत्वको कमी भएमा शरीरमा विशेष गरेर प्रोस्टेट ग्रन्थिमा क्यान्सर लाग्न सक्छ। यो हुनबाट बचाउछ लाइकोपेनले। र, लाइकोपेन फलफुलमा पाईन्छ। जस्तै गोलभेडा, अमला, कागती, रुख टमाटर, स्याउ र धेरै बियाँ भएका तरकारी र पहेला फलफुलमा यो पाइन्छ।

त्यसैले बेलैमा रोगका बारेमा जानकारी राखेर आफ्नै घर र करेसाबारीमा उत्पादन हुने तरकारीको सेवन गरौं। यसबाट क्यान्सर जस्तो डरलाग्दो रोगबाट टाढा रहन सकिन्छ भने प्राकृतिक उपचर पद्धति अपनाएर अप्रेशनबाट केही हदसम्म बँच्न सकिन्छ। यसका साथै सहज जीवन जीउन पनि सकिन्छ। जसरी जंगलमा चर्ने गाईबस्तु घासपातसग मिसिएका जडीबुटी खाएर स्वस्थ हुन्छन त्यसरी नै हामी पनि सागसब्जी र फलफुलको सेवन गरेर स्वस्थ रहन सक्छौ। प्रोस्टेट समस्याका लागि होमियोप्याथिक औषधीहरु निक्कै प्रभावकारी हुन्छन्। जस्तै सेवल सेरुलेटा, थुजा, कोनियम, फेरम पिक्रिकम, बैराइटा कार्ब आदि। तर, होमियोप्याथिकमा विरामीको लक्षण र चिन्हका आधारमा औषधी दिइने हुदा कुनै पनि औषधी चयन हुनसक्छ।




# राष्ट्रपति रनिङ शिल्डको उपाधि भद्रपुरलाई



सन्दर्भ समाचारदाता

भद्रपुर। झापा जिल्लास्तरीय १२ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि भद्रपुर नगरपालिकाले हात पारेको छ। आइतबार सम्पन्न तीनदिने प्रतियोगिता अन्तर्गत भद्रपुरले उपाधिसहित १५ स्वर्ण, ५ रजत र ६ कास्य पदक जितेको छ। भद्रपुरले एथ्लेटिक्समा ९, उसुमा ३, तेक्वान्दोमा २ र कबड्डीमा १ स्वर्ण जितेको हो। त्यस्तै, एथ्लेटिक्समा ३ र उसुमा २ रजत जितेको छ। एथ्लेटिक्समा ४, तेक्वान्दो र उसुमा १/१ कास्य जितेको छ।

दोस्रो हुने अर्जुनधारा नगरपालिकाले ८ स्वर्ण, १० रजत र ६ कास्य पदक जितेको छ। एथ्लेटिक्समा ३, तेक्वान्दोमा ३ र उसुमा २ स्वर्ण जितेको छ। एथ्लेटिक्समा १, करातेमा २, तेक्वान्दोमा ३ र उसुमा ४ रजत जितेको छ। एथ्लेटिक्समा १, करातेमा १ र तेक्वान्दोमा २ र उसुमा २ कास्य जितेको छ।

तेस्रो भएको मेचीनगरपालिकाले ५ स्वर्ण, ७ रजत र ११ कास्य पदक जितेको छ। एथ्लेटिक्समा २, करातेमा २ र तेक्वान्दोमा १ स्वर्ण जितेको हो। एथ्लेटिक्समा ३, भलिबलमा १, तेक्वान्दोमा ३ रजत जितेको छ। एथ्लेटिक्समा ४, करातेमा १, तेक्वान्दोमा ६ कास्य जितेको छ।

यस्तै, दमक नगरपालिकाले ५ स्वर्ण, ३ रजत र २ कास्य जितेको छ भने शिवसताक्षीले ५ स्वर्ण, २ रजत र ३ कास्य जितेको छ। कमलले ५ स्वर्ण, २ रजत र १ कास्य, बिर्तामोडले ३ स्वर्ण, ५ रजत र ६ कास्य पदक जितेको छ। कनकाई नगरपालिकाले १ स्वर्ण, ५ रजत र ३ कास्य, बाह्रदशी गाउँपालिकाले १ स्वर्ण, ४ रजत र ६ कास्य, गौरादहले १ स्वर्ण र २ कास्य, कचनकवलले १ रजत र १ कास्य, बुद्धशान्तिले १ रजत र ५ कास्य, हल्दिबारीले १ रजत र ३ कास्य, गौरीगञ्जले १ रजत र १ कास्य जितेको छ। झापा गाउँपालिकाले एउटा पनि पदक जित्न सकेन।

झापाका ८ वटा नगरपालिका र ७ वटा गाउँपालिकाबाट छानिएर आएका खेलाडीले जिल्लाको छनोट प्रतियोगितामा भाग लिएका थिए। राष्ट्रपति रनिङ शिल्डमा विभिन्न ६ विधामा प्रतिस्पर्धा भएको झापा जिल्ला खेलकुद विकास समितिका प्रमुख टहलदास मैनालीले बताए। एथ्लेटिक्स, भलिबल, कबड्डी, कराते, तेक्वान्दो र उसु गरी ६ विधाका प्रतिस्पर्धाबाट ७६ जना खेलाडी छनोट भएका छन्। ६ वटै विधामा छात्र र छात्राको अलगअलग सहभागिता र प्रतिस्पर्धा रहको थियो। छनोट भएका खेलाडीले प्रदेशस्तरीय छनोटमा भाग लिन पाउने मैनाली जानकारी दिए।

प्रतियोगिताअन्तर्गत एथ्लेटिक्समा १३ इभेन्टस्, कराते, तेक्वान्दो र उसुमा चारचार इभेन्टस् भएका थिए। जिल्लाको प्रतिनिधित्व गर्ने खेलाडीले यही बैशाख १० र ११ गते प्रदेशस्तरीय छनोटमा सहभागिता जनाउने छन्। प्रदेशमा छानिएको खेलाडीले बैशाख २९ गतेबाट हुने राष्ट्रपति रनिङ शिल्डमा प्रतिस्पर्धा गर्नेछ। झापामा जिल्लास्तरीय छनोटमा खेलाडी, प्रशिक्षक र अफिसियल गरेर झन्डै एक हजार पाँच सयजना सहभागी रहेका थिए। प्राविधिक, निर्णायक र रेफ्री मात्र १५० जना थिए।

झापामा एथ्लेटिक्सबाट ११/११ जना छात्रछात्रा, कबड्डी र भलिबलबाट ९/९ जना छात्रछात्रा तथा कराते, तेक्वान्दो र उसुबाट ३/३ जना छात्रछात्रा गरी ७६ जना खेलाडी छनोट भएको मैनालीले बताए। प्रत्येक खेलबाट एकएक जना गरी ६ जना प्रशिक्षक र एकजना टोली नेताले प्रदेशस्तरीय प्रतियोगितामा सहभागिता जनाउने छन्। प्रतियोगिता भद्रपुरस्थित मेची रंगशालामा भएको थियो।









# प्रधानमन्त्री पदका लागि मरिमेटेर नलाग्ने : देउवा

काठमाडौं । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री पदका लागि मरिमेटेर नलाग्ने तर पाएमा नछाड्ने नीति रहेको बताएका छन् । सभापति देउवाले वर्तमान सरकारलाई बहुमतको समर्थन रहेकाले बहुमतको सरकारसँग कांग्रेसले निहुँ नखोज्ने पनि सुनाए । आईतबार बुढानिलकण्ठ निवासमा आयोजित एक कार्यक्रममा देउवाले सरकारलाई दिएको समर्थन माओवादी केन्द्रले फिर्ता नगरेका



कारण सरकार बहुमतकै अवस्थामा रहेको प्रष्ट पारेका हुन् ।

सभापति देउवाको भनाई छ- ' प्रचण्डजीहरूले समर्थन फिर्ता लिनुभएको छैन, त्यसैले अहिले बहुमतकै सरकार छ, बहुमतप्राप्त सरकार भएको बेला हामीले अरू कुनै कुरा सोच्ने कुरा छैन ।'

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वकै सरकारलाई मानेर अगाडि बढ्न कांग्रेस तयार रहेको पनि देउवाले बताए । देउवाले भने- 'हामी प्रधानमन्त्री पदको लागि लालायित छैनौं, तर राजनीतिक परिस्थितिबाट यदी भोलि हामीले नै सरकारको नेतृत्व गर्नुपर्ने अवस्था आयो भने पछाडि पनि हट्दैनौं ।' अहिले देशको राजनीति अन्त्यन्तै तरल अवस्थामा रहेको भन्दै देउवाले 'स्थिति यतै जान्छ भन्नसक्ने अवस्था छैन, अवस्था जस्तो आउँछ, हामी त्यहीअनुसार अगाडि बढ्छौं' भने ।

# कसैको दबाब र प्रभावमा काम नगर्ने : सभामुख

काठमाडौं । प्रतिनिधि सभाका सभामुख अग्निप्रसाद सापकोटाले कसैको दबाब र प्रभावमा परेर आफूले काम नगर्ने बताएका छन् । नेपाल पत्रकार महासङ्घको २६औं महाधिवेशनमा निर्वाचित पदाधिकारीको पदभार ग्रहण कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख सापकोटाले सभामुखको जिम्मेवारीमा रहँदासम्म पदको ख्याल गरेर काम गर्ने बताए । 'जति खेरसम्म म सभामुखको जिम्मेवारीमा रहन्छु त्यस बेलासम्म म देश र जनताको पक्षमा काम गर्ने छु, कसैको दबाबमा पर्दिन, मेरालाई पद ठुलो होइन, देश र जनताको विरुद्ध



कुनै निर्णय गर्दिन, जोखिम मोल्न तयार छु, त्याग गर्न तयार छु,' सभामुख सापकोटाले भने ।

शनिवारको बालुवाटारको सर्वदलीय बैठकमा सभामुखप्रति आक्रोश पोखेका प्रधानमन्त्री केपी शर्मा ओलीलाई सभामुख सापकोटाले साङ्केतिक रूपमा कसैको दबाब र प्रभावमा परेर आफूले काम नगर्ने जवाफ दिएका हुन् । उनले अहिलेको राजनीतिक अवस्था टक्कर लिने सोचबाट अघि बढिरहेकोसमेत बताए । 'केहीलाई सधैँ भ्रममा राख्न सकिन्छ, तर सबैलाई सधैँ भ्रममा राख्न सकिँदैन, अहिलेको राजनीतिक अवस्था टक्कर लिने दृष्टिकोणमा आधारित छ,' सभामुख सापकोटाले भने ।

# चुम्लुङले गर्‍यो पत्रकार सुब्बालाई सम्मान

सन्दर्भ समाचारदाता

दमक । लिम्बू जातिको प्रतिनिधिमूलक संस्था किरात याक्थुङचुम्लुङ दमक नगर समितिले पत्रकारसहित विभिन्न क्षेत्रका व्यक्तिलाई सम्मान गरेको छ । चुम्लुङ दमकको दशौं अधिबेशनको उद्घाटनका अवसरमा शुक्रबार नेपाल पत्रकार महासंघ प्रदेश १ का कार्यसमिति सदस्य समेत रहेका पत्रकार बिष्णु सुब्बासहित चुम्लुङ अभियानमा महत्वपूर्ण योगदान पुर्‍याउने एक दर्जन बढी व्यक्तिलाई सम्मान गरेको हो ।

किरात भवनमा आयोजित कार्यक्रममा पत्रकार सुब्बासहित चुम्लुङका पूर्व अध्यक्षहरु लोकप्रसाद कन्दङ्वा, गुमानसिंह सम्बाहाम्फे, सञ्चार उद्यमीका तर्फवाट सप्तरङी एमएमका अध्यक्ष मेहरमान लिङ्देन,



साहित्यकारका तर्फवाट सेसेमी नाल्वो ,व्यवसायीहरुतर्फ श्रीजंगा ट्रेर्डसका सञ्चालकवर्त सुब्बा, विक्रम थाङदेन, निङवाहाङ थेवे र व्यवसायी मनप्रसाद योङहाङलाई सम्मान गरिएको थियो ।

उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि चुम्लुङकी केन्द्रीय महासचिव निरन्ती तुम्बापो, केन्द्रीय सल्लाहकार जितबहादुर लावती, केन्द्रीय सदस्य बिष्णुमाया चेम्जोङ लगायतले दोसल्ला, सम्मानपत्रले सम्मानित गरेका थिए । त्यस्तै, सोहि अवसरमा चुम्लुङले दमकबाट स्नाकोत्तर गर्ने चार जनालिम्बू विद्यार्थीहरु, ज्येष्ठ सदस्यहरुलाई समेत सम्मान गरेको थियो । स्नाकोत्तर अध्ययन पूरा गरेका यूरोपराजफागो,विवस तुम्बापो,गुरासीतुम्बापो र विभेक फागोलाई सम्मनप्रदान गरिएको छ । यस्तै , दमकका १० वटै वडाबाट ७ महिला र ७ पुरुष गरि १४ जना ज्येष्ठ लिम्बु अभिभावकहरुलाई दिर्घजीवनको कामना गरि सम्मान गरिएको थियो ।

चुम्लुङका दमक नगर अध्यक्ष देवेन्द्र चेम्जाुङको अध्यक्षतामाभएको अधिबेशन उद्घाटनमा विभिन्नजातिय संस्थाका प्रतिनिधि,लिम्बू समुदायका अग्रजहरुले शुभकामना मन्तव्य राखेका थिए ।

## राष्ट्रिय मेयर सम्मेलन सम्पन्न

# १६ बुँदे पोखरा घोषणापत्र जारी

पोखरा । पोखरामा स्थानीय तहका प्रमुखहरूको 'प्रथम राष्ट्रिय मेयर' सम्मेलन सम्पन्न भएको छ । पोखरा महानगरपालिकाको आयोजनामा सञ्चालन भएको सम्मेलनले १६ बुँदे पोखरा घोषणापत्र जारी गरेको छ ।

विसं २०७४ मा सम्पन्न स्थानीय तहको निर्वाचनपछिको अवधिका सिकाइ, समस्या र आगामी योजनाबारे छलफल गरी आगामी दिनमा के-कस्ता रणनीतिहरू अपनाउने भन्ने विषयमा घोषणापत्र जारी गरिएको पोखरा महानगर प्रमुख मानबहादुर जिसीले बताए । उनका अनुसार सम्मेलनबाट जारी घोषणापत्र देशका ७५३ वटै पालिकामा इमेलमार्फत पठाएर सुझाव सङ्कलन गरी वैशाख १० गते अन्तिम रूप दिइनेछ ।

महानगरको चालू वर्षको वार्षिक कार्यक्रममा मेयर सम्मेलन आयोजना गरिने कार्यक्रम राखेर आयोजना गरिएको प्रमुख जिसीले जानकारी दिनुभयो । समृद्ध नेपाल र सुखी नेपालीको आधारशीला तयार गर्ने आधिकारिक निकाय स्थानीय तह भएकाले पालिकाको आपसी सहकार्य, समन्वयत्मक अन्तर आबद्धतालाई नियमितता गर्दै सहकार्य गर्न अवसर सिर्जना गर्दै अगाडि बढ्ने प्रतिबद्धता सम्मेलनबाट लिइएको छ ।

सम्मेलनले स्थानीय विकासका मुद्दालाई प्राथामिकीकरण गरी नागरिकको गुणस्तरीय, आत्म सम्मानित र पहिचानसहितको जीवन सुनिश्चित गर्न नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नेमा जोड दिइएको छ । पालिकालाई सामाजिक न्यायसहितको आर्थिक विकासका केन्द्रहरूका रूपमा विकास गर्न सङ्घ तथा प्रदेश सरकारसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने र स्थानीय तयलाई संविधान प्रदत्त अविछिन्न उत्तराधिकारवाला स्वायत्त संस्थाका रूपमा विकास गर्न निरन्तर सहकार्य गर्ने मञ्चको विकास गर्न यसै वर्षदेखि वार्षिकरूपमा स्थानीय पालिका प्रमुख तथा उपप्रमुखको राष्टिय सम्मेलन गर्ने घोषणा गरिएको छ ।

जारी घोषणपत्रमा पालिकाको शासकीय क्षमता अभिवृद्धि गर्न निरन्तर



सहकार्य गर्ने संयन्त्रको विकास गर्ने तथा संविधानप्रदत्त अधिकार क्षेत्रमा हुने सबै प्रकारका हस्तक्षेपलाई अस्वीकार गर्ने उल्लेख छ । पालिकालाई परनिर्भर बनाउने प्रदेश तथा सङ्घीय कार्यक्रम निरुत्साहित गर्ने, सङ्घीयताको सवलीकरणका लागि स्थानीय तथा प्रदेश तहमा भएका र विस्तार गर्ने सङ्घीय सरकारका सबै निकायलाई स्थानीय तथा प्रदेशस्तरमा समावेश गर्न सङ्घीय सरकारसँग माग गर्ने जारी घोषणपत्रमा उल्लेख छ । कयसैगरी विकासलाई जनमैत्री र परिणाममूलक बनाउन भूगोलमा गरिने विकास बजेट पालिकामा नै पठाउन माग गर्ने र स्थानीय पालिकाको समन्वयबिना सङ्घ तथा प्रदेश सरकारका विकास कार्यक्रमलाई निरुत्साहित गरिने उल्लेख छ । निर्वाचन क्षेत्र सुधार कार्यक्रमलाई पालिकाअन्तर्गत पालिकाको योजनामुताविक गर्नुपर्ने, सङ्घद्धारा आयोजित योजना कम्तीमा पनि रु २० करोड र प्रदेशका योजना रु १० करोडभन्दा माथिका हुनुपर्ने र यसभन्दा साना योजनामा प्रत्यक्षरूपमा पालिकामा नै बजेट पठाउने व्यवस्था मिलाउन माग गरिएको छ । भ्रष्टचार उन्मुलनका लागि शून्य सहनशीलता अपनाउन साझा संयन्त्र विकास गर्ने, पालिकालाई वातावरणमैत्री पालिकाका रूपमा विकास गर्न विद्युतीय सवारी साधन, केवलकार र छोटो दूरीका सवारी साधनको रूपमा साइकललाई प्रवर्द्धन गर्न जोड दिइएको छ । यसैगरी अब बन्ने सडकमा साइकल लेनलाई र सडक किनाराको वृक्षरोपण अनिवार्य गर्ने र शहरलाई साइकलमैत्री शहरका रूपमा विकास गर्ने र प्रत्येक पालिकामा कम्तीमा दुई किलोमिटर साइकलमार्ग निर्माण गर्ने जारी घोषणापत्रमा उल्लेख छ । रासस

# सुपारीका तस्कर ओलीका प्रमुख आर्थिक सल्लाहकार

काठमाडौं । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार पदीय दुरुपयोगको केन्द्र बनेको एउटा उदाहरण फेला परेको छ । त्यहाँ बसेर प्रधानमन्त्री केपी शर्मा ओलीका प्रमुख आर्थिक सल्लाहकार मोतिलाल दुगडले सुपारीको अनियमित व्यापारलाई प्रोत्साहन र सहयोग समेत गरेको समाचार छ । दुगडले हालै आफू निकट झापाका सुपारी व्यापारीलाई सुपारी आयात गर्ने अनुमति दिएको थाहा भएको छ । विभिन्न देशबाट आयात हुने सुपारी नेपालमा खपत हुने भनी ल्याउने गरिए पनि सबैजसो सुपारी भारतका विभिन्न बजारमा तश्करी हुने गरेको भन्सार विभाग सूत्रले बताएको छ ।

विभाग सूत्रका अनुसार प्रमुख सल्लाहकार दुगडको दवावमा यस वर्षको २५ हजार टन कोटामध्ये सबैभन्दा बढी झापा बिर्तामोडका व्यापारी प्रदीप



मित्तलले १० हजार टन सुपारी आयात गर्ने अनुमति पाएका छन् । त्यसैगरी गोबिन्द सरियाले ५ हजार टन, बिराटनगरका व्यापारी प्रदीप कुमार मुरारका र दिनेश राठीले २ हजार पाँचसय टनका दरले आयात गर्ने अनुमति पाएका छन् ।

मित्तल, सरिया, मुरारका र राठी झापाका चर्चित सुपारी व्यापारी दिपक पोखरेल समूहका सदस्य मानिन्छन् । त्यसमध्ये पोखरलले मात्र कोटाको २५ हजारमध्ये २० हजार टन पाएको विभागले जनाएको छ । सौर्य एयर लाईन्सका सञ्चालक पोखरेल समूहले बिगतदेखि नै इण्डोनेशिया र थाईल्याण्डबाट आयात गरिने सुपारी नेपालमा उत्पादन भएको नक्कली कागजात र उत्पत्तिको प्रमाणपत्र बनाएर भारततर्फ निर्यात गर्दै अबौं रकम कमाएको विभाग सूत्रको भनाई छ ।

सरकारले चार महिनाका लागि २ करोड २७ लाख किलो आयातको कोटा तोकेको छ । जबकि आर्थिक वर्ष २०७६ ०७७ मा २९ लाख ६२ हजार किलो मात्रै सुपारी आयात भएको देखिन्छ । अझ आर्थिक वर्ष २०७५ ७६ मा करिब ११ लाख २८ हजार ३ सय एघार किलो मात्रै सुपारी आयात भएको विभागको रेकर्डमा देखिन्छ ।

यता अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पुगेको सुपारी तश्करी सम्बन्धी उजुरीको फायल कार्बाहीका लागि प्रक्रिया अगाडि बढाउनुपर्नेमा गुपचूप राखिएको बताईएको छ । केही राजनीतिक दलका नेतासमेत मुछिने देखिएपछि त्यो फायल थन्क्याईएको हुनसक्ने समाचार सूत्रको बुझाई छ । –सरल पत्रिका

# स्थानीय स्वादमै गौरीगंजमा मेसिनबाट मुरई उत्पादन

–आत्माराम राजवंशी

गौरीगंज । यहाँको एक युवकले वैदेशिक रोजगारलाई छाडेर स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याई आय आर्जनको स्रोत बनाएका छन् । भारतको पंजाबमा २० बर्षदेखि रोजीरोटीका लागि काम गर्दै आएका गौरीगंज गाउँपालिका वार्ड नं ५ जनताचौक डाँगीटोलाका विशेश्वर प्रसाद सिंह गन्गाईले मुरई ( भुजा) उत्पादन गरेर आयआर्जनको स्रोत बनाएका हुन् ।

आदिवासी बस्तीमा घरमै खानका लागि पनि भुजा बनाउने चलन छ । पछिल्लो समय घरेलु भुजाको माग बढ्दै गएपछि उनले व्यावसायिकरूपमा लोकल भुजा मेसिनबाट उत्पादन गर्ने गरेका हुन् । गौरीगंज (५ डाँगीटोलाकी ईन्द्रावती गन्गाईको नियमित आम्दानी स्रोत नै मुरई बनाएर विक्री गर्नु हो । भुजा भुट्ने मेसिन गाउँमै भएपछि ईन्द्रावतीले परम्परागत चुलाबाट भुजा बनाउन छाडिन ।

सीमावर्ती बस्तीको डाँगीटोलामा ६० परिवारको बसोबास छ । उनीहरू प्रायः सबै आदिवासी गन्गाई जातिका छन् । त्यस टोलको सबै घरमा भुजा बनाईन्छ - त्यो पनि परम्परागत चुलाबाट । उनीहरू ईन्द्रवती जस्तै



अहिले आधुनिक मेसिनबाट भुजा बनाउने गर्छन् र बजारमा विक्री गर्छन् ।

२ लाख २५ हजार रूपैयाँको लगानीमा स्थापना गरेको भुजा बनाउने घरेलु उद्योग अहिले सञ्चालक विशेश्वरलाई भ्याईन भ्याई छ । ' गाउँका सबै महिलाहरू मेसिनबाट भुजा बनाउन आउँछन्' , उनी भन्छन् - उनीहरूलाई पनि सजिलो भएको छ, मलाई नि राम्रै आम्दानी हुन्छ ।'

१ किलो चामलको भुजा बनाउन २० रूपैयाँ लिने गरेका छन् । भुजासंगै चना र मकै पनि भुट्ने गर्छन् । भुजा बनाउन एक जना कारिगर राखेका छन् । एक दिन काम गरेको १२ सय रूपैयाँ करिगरलाई दिने गरेको विशेश्वरले बताए । उनले भने - ' नेपालतिर कारिगर नपाएर भारतको किसनगंजबाट कारिगर ल्याएर भुजा बनाउने काम थालेको छु । ' महिनामा खर्च काटेर २० देखि २५ हजार सम्म आम्दानी हुने गरेको विशेश्वरले बताए ।

डाँगीटोलाका सबै घरमा भुजा बनाइन्छ । उक्त टोलका महिलाको स्थायी रोजगारी नै हो, भुजा बनाउने । डाँगीटोलाको भुजा गौरीगंज, गौरादह, दमक, केर्खा, झिलझिले, दूधे, सुरुङ्गा, बिर्तामोडलगायतका बजारसम्म भुजा पुग्ने गरेको छ । डाँगीटोलाकी रमिता गनगाईले भुजा बिक्री गरेर ६ जनाको परिवारको घर सजिलै खर्च धानेकी छन् । उनले भुजा बनाएर बजारमा विक्री गरेको १० बर्ष भयो । उनले पनि एक महिना यता देखि त्यही मेसिनबाट लोकल भुजा बनाएर भुजा बिक्री गर्दै आएकी छन् । हप्ताको २ पटक बजारमा भुजा बिक्री गर्दै आएकी छन् ।गौरीगंजको बुधवारे बजार र शनिवार खजुरगाछी बजारमा भुजा बिक्री गर्नेगरेकी छन् । प्रत्येक बजारमा १५ केजी देखि ३० केजी सम्म भुजा बिक्री गर्ने गरेको रमिताले बताईन । मेसिन भएर धेरै सजिलो भएको छ , उनले भनिन - समयको पनि बचत र धेरै मिहिनेत पनि नलाग्ने । ''मेसिनमा बनाएको भुजाको स्वाद चुलामा बनाएको भुजाको स्वाद जस्तै छ र स्वस्थ्यको हिसाबले पनि कुनै फरक छैन' - रमिताले भनिन् । उनीहरूले ९० रुपैयाँ प्रतिकेजीका दरले भुजा बिक्री गर्छन् । घरमै बसीबसी मासिक ५ देखि ७ हजार रूपैयाँ सम्म आम्दानी गरेको रमिताले सुनाईन् । आदिवासी राजवंशी, गनगाई, ताजपुरिया, सन्थाल, मेचे, झाँगड, कुमाल, माझी जातिको भातपछिको खान्की भुजा नै हो ।

त्यसअघि खाजाका रूपमा चिया, तरकारीसँग भुजा खाने गर्दछन् । पाहुना आउँदा 'चना-भुजा' खुवाउने चलन छ । पूजा, विवाह समारोहमा पनि भुजा खुवाउने चलन छ । शहरी क्षेत्रका होटलहरूमा पछिल्लो समय माछा - भुजा पनि लोकप्रिय बन्दै गएको छ भने चना - भुजा पनि नास्ताको रूपमा लिने गरिन्छ ।

# वंशावली र तिगेला खेवाहाङ चुम्लुङ पुनर्गठन




सन्दर्भ समाचारदाता

धनकुटा । तिगेला खेवाहाङ चुम्लुङले शिव तिगेलाको अध्यक्षतामा १७ सदस्यीय 'तिगेला खेवाहाङ वंशावली संशोधन र अध्यावधि मूल कार्य समिति' गठन गरेको छ । तिगेला खेवाहाङ चुम्लुङलका जेष्ठ सदस्य जितमान तिगेलाको अध्यक्षता शनिबार धनकुटा फक्लेण्ड टापुस्थित शिव तिगेलाको निवासमा भएको एक भेलाले उक्त समिति गठन गरेको हो ।

बाँकी पृष्ठ ४ मा

# भद्रपुरको चन्द्रगढीमा सार्वजनिक शौचालय

सन्दर्भ समाचारदाता

भद्रपुर । झापाको सदरमुकाम भद्रपुरको चन्द्रगढीमा व्यवस्थित सार्वजनिक शौचालयको अब समस्या हल हुने भएको छ । भद्रपुर नगरपालिकाभित्र पर्ने सरकारी कार्यालय



नजिक रहेको चन्द्रगढी स्थित महेन्द्र पार्कमा सार्वजनिक शौचालय बन्ने भएपछि सेवाग्राहीको शौच समस्या हल हुने भएको हो ।

रोटरी क्लब अफ भद्रपुर र झापाली समाज अष्ट्रेलियाको संयुक्त लगानी तथा भद्रपुर नगरपालिकाको सहयोगमा ट्रेडयुनियन चोक नजिकै महेन्द्र पार्क चन्द्रगढीमा निर्माण गरिन लागिएको शौचालयको नगरप्रमुख जीवनकुमार श्रेष्ठले शिलान्यास गरेका छन् ।

१५ लाख रुपैयाँको लागतमा २ महिनाभित्र निर्माण सम्पन्न गरिसक्ने योजना अनुसार काम थालिएको हो । शौचालय निर्माण सम्पन्न भएपछि जिल्लाभित्रबाट सरकारी सेवा लिन आउने आमनागरिकलाई सेवा पुग्ने विश्वास गरिएको छ ।

६ वटा वाथरुम र ४ वटा युरिनसहितको महिला तथा पुरुषको छुट्टाछुटै शौचालय निर्माण गरिने छ । क्लबले निकट भविष्यमा भद्रपुर ८ स्थित सगरमाथा चोकमा क्लक टावर निर्माण गर्ने योजना रहेको जानकारी दिए ।

क्लबका अध्यक्ष आदित्य पराजुलीको अध्यक्षता तथा सचिव ईश्वर अधिकारीको संचालनमा सम्पन्न कार्यक्रममा स्वागतसहित औचित्यमाथि उद्योग वाणिज्य संघ प्रदेश न १ का अध्यक्ष तथा रोटरी क्लव भद्रपुरका पूर्व अध्यक्ष टिकाराज ढकालले प्रकाश पारेका थिए ।

# दमकमा महिला संघ क्रान्तिकारीको कमिटी

सन्दर्भ समाचारदाता

दमक । नेकपा माओवादी केन्द्र सम्बद्ध अखिल नेपाल महिला संघ (क्रान्तिकारी) दमक नगर कमिटी गठन भएको छ । संगिता सेरेङ ँ इक्साँको अध्यक्षतामा ३१ सदस्यीय नगर कमिटी गठन भएको हो ।

कमिटीका सदस्यहरुमा तारा राई ,एलिसा बर्देवा , पुष्पा लिम्बू , समिरा पोखेल , सुस्मा अधिकारी , शान्ति धिमाल ,कल्पना तामाङ घिमिरे , हिमा श्रेष्ठ , देबि आङदेम्वे, सरस्वती नेपाल, बिष्णु धिमाल, अनिमा तामाङ



,बिन्दु सिटौला लक्की गोमा ढकाल , तारा राई, छमिला तामाङ , मिरा गौतम ,ससिकला बन्जरा, सानू बस्नेत ,बिमला बिाक, रुपमिणि राई, सरु कार्की, कमला राई, बन्दना लिम , लिला राय, कुमारी धिमाल ,बिनिता फुयाल , सपना कालिकोटे र अनिता मल्लिक रहेका सो पार्टीले जनाएको छ । नेकपाबाट माओवादी केन्द्र र नेकपा एमाले अलग अलग भएपछि ति पार्टीहरुले आफना जनवर्गीय संगठनहरुको समेत पुर्नगठन गर्ने सिलसिलामा दमकमा शुक्रबार माओवादी नेतृ धर्मशीला चापागाइँको प्रमुअ आतिथ्यमा आयोजत भेलाले सो कमिटी गठन गरेको हो ।

# किर्ते कागजात बनाएर जग्गा बिक्री गर्ने १० जना पक्राउ

सन्दर्भ समाचारदाता

भद्रपुर । तीन वर्षदेखि योजना बनाएर बिर्तामोडका स्व. टुंङगबहादुर बस्नेतको नामको करोडौं मूल्य पर्ने जग्गा अधिकृत वारेसनामासहित किर्ते कागजात बनाएर बिक्री गरेको आरोपमा झापा प्रहरीले १० जनालाई पक्राउ गरेको छ। घटना संलग्न अझैं ६ जना फरार छन् । पक्राउ परेकाहरूलाई जिल्ला प्रहरी कार्यालय झापाले बिहीबार सार्वजनिक गरेको हो। पक्राउ पर्नेमा वारेसनामा आफ्नो नाममा ल्याउने बाह्रदशी गाउँपालिका-३ हाल बिर्तामोड-२ चैतुवारी बस्ने ३९ वर्षीय मङ्गलसिंह राजवंशी, नक्कली जग्गाधनी बनेका बिर्तामोड-१० हाल कोटीहोम सुरुङ्गामा बस्ने ७१ वर्षीय देवीप्रसाद पाण्डे, जग्गा खरिद गर्ने बिर्तामोड नगरपालिका-४ बस्ने ३३ वर्षीया रञ्जु राई, उनका श्रीमान दोभान कन्स्ट्रक्सन कम्पनी बिर्तामोडका सञ्चालक ३४ वर्षीय गोविन्द बान्तवा छन् ।

यस्तै नापी कार्यालयका पूर्व कर्मचारी तथा नमस्ते होटेल चन्द्रगढीका सञ्चालक भद्रपुर-७ बस्ने ५२ वर्षीय नवीन कोइराला, बाह्रदशी गाउँपालिका-५ का ५० वर्षीय लिला धर राजवंशी, भोजपुर तिवारी भञ्ज्याङ्ग-२, हाल गौरीगञ्ज गाउँपालिका-१ बस्ने ३७ वर्षीय बलराम विश्वकर्मा, नेपाल विद्युत प्राधिकरण फिक्कल शाखाका कर्मचारी शिवसताक्षी नगरपालिका-८ बस्ने ४२ वर्षीय भुपदेव कटुवाल, बिर्तामोडमा ट्याक्टर स्वरुम सञ्चालक तथा जग्गा किनबेच गर्ने अर्जुनधारा नगरपालिका-५ बस्ने ५३ वर्षीय लेखनाथ खनाल र मोरङ उर्लाबारी-४ बस्ने ४८ वर्षीय राजन विश्वकर्मा रहेको प्रहरी नायव उपरीक्षक राकेश थापाले जानकारी दिए । उनीहरूलाई विभिन्न मितिमा विभिन्न स्थानबाट पक्राउ गरी ठगी, सरकारी छाप दस्तखत किर्ते, आपराधिक लाभ तथा सङ्गठित अपराध मुद्दामा झापा जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

बस्नेतबाट वारेसनामा जारी गरेका मङ्गलसिंह राजवंशीले बलराम विश्वकर्मा र लिला धर राजवंशीसँग मिलेर सुरुङ्गाको कोटीहोमस्थित गाई धर्मशालामा बसोबास गर्ने ७१ वर्षीय देवीप्रसाद पाण्डेलाई पाँच लाख दिने प्रलोभन देखाई नक्कली टुंङगबहादुर बस्नेतको रुपमा खडा गराएको साथै बस्नेतको धर्मपुत्रको रुपमा भूमिका खेलेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

त्यसपछि नक्कली टुंङगबहादुर बस्नेतबाट काठमाडौं जिल्ला अदालतबाट जग्गा बेचबिखन गर्न पाउने गरी अधिकृत वारेसनामा लिई सो जग्गा रञ्जु राईको नाममा मालपोत कार्यालय झापाबाट राजीनामा पास गराएको डिएसपी थापाले बताए। त्यस्तै नक्कली जग्गाधनी (टुंङगबहादुर बस्नेत) बनेका देवीप्रसाद पाण्डेले मङ्गलसिंह राजवंशीलाइ अधिकृत वारेसनामा बनाउन भूमिकामा खेलेका थिए ।

जग्गा खरिद गर्ने रञ्जु राईले श्रीमान गोविन्द बान्तवा लगायत अन्य योजनाकारहरूको सहमतिमा बस्नेतको जग्गा राजवंशीले पाएको अधिकृत वारेसनामा मार्फत बेचबिखन गर्न असहज हुने देखिएकोले उनको नाममा राजीनामा पास गराएको डिएसपी थापाले जानकारी दिए । यस्तै बान्तवाले उनकी श्रीमती रञ्जुको नाममा राजीनामा पास गराउन भूमिका खेलनुका साथै योजनालाई सफल बनाउन रकम बन्दोबस्तमा जुटेका थिए ।

नापी कार्यालयका पूर्व कर्मचारी कोइरालाले बस्नेतको जग्गा हडप्ने योजनामा सुरु देखि संलग्न भएको अनुसन्धानबाट खुलेको छ। उनले




बस्नेतको नाममा रहेको जग्गा पत्ता लगाउने, धनीपूर्जा किर्ते गर्ने र बस्नेतको नागरिकताको विवरण इलाम सम्म गई पत्ता लगाई किर्ते गरी नागरिकता बनाउने कार्यमा गिरोहलाई सहयोग गरेका थिए। उनले विभिन्न समयमा उक्त काम गरे बापत गोविन्द बान्तवासँग १४ लाख रुपैयाँ लिएको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

त्यस्तै लीलाधर राजवंशीले नक्कली जग्गाधनी खडा गर्ने क्रममा उपयुक्त व्यक्ति पहिचान गरी योजनामा सहयोग गरेको र मङ्गलसिंह राजवंशीलाई ठूलो रकम फाइदा हुने प्रलोभन देखाइ धर्मपुत्रको रुपमा कार्य गर्न प्रेरित गरेको अनुसन्धानबाट खुलेको छ। उनले नै सुरुङ्गाको कोटीहोममा बसोबास गर्ने देवीप्रसाद पाण्डेको पहिचान गरी बलराम विश्वकर्मा र मङ्गलसिंह राजवंशीसँग पटक-पटक भेटघाट गराएको र अधिकृत वारेसनामा कार्यको लागि काठमाडौं पठाउन सहयोग गरेको खुलेको छ ।

त्यसैगरी बलराम विश्वकर्माले लेखनाथ खनाल, प्रकाश कार्की, नवीन कोइराला, भुपदेव कटुवाल, गोविन्द बान्तवासँग मिलेर बस्नेतको जग्गा हत्याउने योजना बनाएका थिए । उनले नै गौरादह नगरपालिका-७ का वडा अध्यक्ष बलराम खरेल (हाल फरार) लाई काठमाडौं सम्म लगी अधिकृत वारेसनामा बनाउने कार्यमा सहयोग गर्नुका साथै भुपदेव कटुवालसँग मिलेर बस्नेतको नागरिकतामा भएको विवरण समावेश गरी देवीप्रसाद पाण्डेको फोटो टाँसेर नक्कली नागरिकता बनाएको र मालपोतमा राजीनामा पास गराएको लिखत कागजातमा समेत साक्षी बसेको डिएसपी थापाले बताए । साथै उनले मालपोत कार्यालयबाट जग्गा पास गर्नको लागि आवश्यक हुने घर बाटो सिफारिस, तिरो तिरेको रसिद गौरादहका वडा अध्यक्ष बलराम खरेलसँग मिलेर किर्ते कागजात बनाएका थिए। भुपदेव कटुवालले बस्नेतको नक्कली नागरिकता प्रतिलिपि बनाएको र अधिकृत वारेसनामा गर्ने कार्यको लागि काठमाडौंसम्म गई प्रतिवादी देवबहादुर विष्ट (हाल फरार) लाई सहमत गराई बलराम विश्वकर्मा, मङ्गलसिंह राजवंशी, बलराम खरेल र देवी प्रसाद पाण्डेलाई काठमाडौं बोलाएका थिए ।

त्यस्तै योजनामा सुरुदेखि संलग्न भएका लेखनाथ खनालले जग्गा बेचबिखन गरी सल्टाउने कार्यमा गोविन्द बान्तवालाई योजनामा सामेल गराएको र यसका लागि आवश्यक पर्ने रकमको बन्दोबस्त गर्ने काममा मध्यस्थताको भूमिकामा बान्तवाबाट पैसा लिएर गिरोहलाई सहयोग गरेका थिए। साथै मालपोतका कर्मचारीसँग सहज रुपमा काम गराउने वातावरण मिलाएको र राजीनामा लिखतमा समेत साक्षी बसेको डिएसपी थापाले बताए ।

अधिकृत वारेसनामा बनाउने क्रममा राजन विश्वकर्माले आफ्नो गाडी प्रयोग गरेको र अन्य प्रतिवादीहरूको अनुरोधमा विभिन्न सिम कार्ड निकाल्न सहयोग गरेको अनुसन्धानबाट खुलेको डिएसपी थापाको भनाई छ ।

बस्नेत जग्गा प्रकरण घटनामा संलग्न ६ जना अझैं फरार रहेको प्रहरी कार्यालय झापाले जनाएको छ । घटनामा वडा अध्यक्ष, मालपोत अधिकृत, कर्मचारीदेखि साक्षी बसेका व्यक्तिहरू अझैं फरार छन् । किर्ते कागजात तयार गर्न सहयोग गरेको, अधिकृत वारेसनामा गर्ने कार्यको लागि अन्य प्रतिवादीहरुसंगै काठमाडौं जिल्ला अदालतसम्म गई समन्वयात्मक भूमिका खेलेको तथा अन्य प्रतिवादीहरूलाई भगाउने कार्यमा संलग्न भएका गौरादह नगरपालिका-१ का वडा अध्यक्ष बलराम खरेल, बैंकिङ्ग कारोबार लगायतका प्रक्रिया नपुग्दै राजीनामा पास गर्नको लागि लिखत पारित गरिदिएका भूमिसुधार तथा मालपोत कार्यालय झापाका अधिकृत चेतन अधिकारी, सक्कली बस्नेतको जग्गा धनीपूर्जामा भएको फोटो र नक्कली बस्नेतको फोटो भएको धनी पुर्जालाई रुजु नगरी मोठ भिडाएको मालपोतका तत्कालीन नायव सुब्बा हरि तिवारी, अदालतको अधिकृत वारेसनामा साक्षी बसेका जिल्ला ओखलढुङ्गा चिशंखुगढी गाउँपालिका-७ बस्ने ५६ वर्षीय वेगप्रसाद कोइराला, अधिकृत वारेसनामाको लिखत प्रक्रियाको लागि कानुन व्यवसायी मिलाएर लिखतमा साक्षी बसेका खोटाङ हलेसी तुवाचुङ्ग नगरपालिका-११ स्थायी ठेगाना भई हाल काँडाघारी, काठमाडौं बस्ने ३२ वर्षीय देवबहादुर विष्ट र अधिकृत वारेसनामा तथा जग्गा पास गर्ने कार्यमा वातावरण मिलाइदिने र बस्नेतको स्रेस्तामा कायम रहेका जग्गा सम्बन्धी सूचना सङ्कलन गरी गिरोहलाई उपलब्ध गराउने भद्रपुर-७ का ५३ वर्षीय प्रकाश कार्की फरार रहेको डिएसपी थापाले बताए । उनीहरूको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।

साबिक चारपाने गाविस-१ हाल बिर्तामोड नगरपालिका-१ अदुवा पुलस्थित पूर्व-पश्चिम राजमार्ग नजिकै स्वर्गीय टुंङगबहादुर बस्नेतको कित्ता नम्बर ४१८३ को एक कट्ठा पौने १४ धुर जमिन बिर्तामोड नगरपालिका-७ का रञ्जु राईको नाममा रजिस्ट्रेसन पास भएको छ । २०७७ साल माघ २१ गते राईको नाममा रजिस्ट्रेसन पास भएको हो । तर, जग्गाधनी बस्नेतको २०७६ साल साउन २४ गते मृत्यु भइसकेको थियो। जग्गाधनीको मृत्यु भएको एक वर्ष दुई महिना ४ दिनपछि नक्कली जग्गाधनी बनेकाले ७१ वर्षको उमेर खुलाएर काठमाडौं जिल्ला अदालतमा गएर अधिकृत वारेसनामा बनाइएको थियो । उनले २०७६ असोज २८ गते बाह्रदशी गाउँपालिका-३ डाँगावारि बस्ने ३९ वर्षीय मङ्गलसिंह राजवंशीको नाममा वारेसनामा बनाएको र राजवंशीले राईलाई सो जमिन ८४ लाख ३७ हजार पाँच सय रुपैयाँमा बिक्री गरेको मालपोतको स्रेस्तामा देखिन्छ। सो जग्गाको बजार मूल्य १० करोड हाराहारी रहेको बुझिएको छ ।

नेपाल पत्रकार महासंघ झापा शाखाको

# पहिलो बैठकका निर्णयहरु

बिर्तामोड ६ बैशाख । नेपाल पत्रकार महासंघ झापाको १३ औं अधिवेशनबाट निर्वाचित जिल्ला समितिको प्रथम बैठक आज २०७८।०१।०६ गते सोमबार महासंघको बिर्तामोडस्थित कार्यालयमा बस्यो । नवनिर्वाचित अध्यक्ष एकराज गिरीको अध्यक्षतामा बसेको बैठकको निर्णयहरू यसप्रकार रहेको छ ।

१.धन्यवाद ज्ञापन

महासंघको १३ औं जिल्ला अधिवेशनसंगै प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत झापाबाट तीनै तहको निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गराउन योगदान दिने महासंघको निवर्तमान कार्यसमिति, निर्वाचन समिति, विभिन्न सञ्चारसम्वद्ध संघसंस्था, महासंघका सदस्यहरू, महासंघ कार्यालयमा कार्यरत कर्मचारी, सुरक्षा निकाय लगायत निर्वाचन प्रक्रियामा जोडिएका सबै पक्षप्रति धन्यवाद ज्ञापन गरिएको छ ।

२.उपचार कोष र सदस्यता सम्वन्धमा

महासंघ झापा शाखाले स्थापना गरेको पत्रकार सहारा उपचार कोषलाई वृद्धि गरी क्रमशः एक करोड रुपैयाँ पुर्याउने ,कोष वृद्धिमा सहयोग तथा योगदान गर्न सबै पक्षलाई आह्वान गर्ने, महासंघका सबै सदस्यलाई अनिवार्य रुपमा कोषको सदस्य बन्न वैठकले आह्वान गरेको छ ।

३. प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताबारे

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, श्रमजीवी पत्रकारको हित र नेपाली पत्रकारिताको संस्थागत विकासका , सूचनाको हक, नागरिकको आधार भूत अधिकारको संरक्षण, सम्बर्द्धनमा दृढतापूर्वक क्रियाशील रहने प्रतिवद्धता बैठकले गरेको छ ।

४.सञ्चारसम्बन्धी कानुन निर्माणबारे ध्यानाकर्षण

केन्द्र, प्रदेश र स्थानीय तहबाट निर्माण हुँदै गरेका सञ्चारसम्बन्धी कानुनहरूलाई प्रेस स्वतन्त्रतामैत्री, सञ्चार संस्था तथा श्रमजीवी पत्रकारको हित हुनेगरी बनाउन सम्बन्धित पक्षको ध्यानाकर्षण गराएको छ , झापाका स्थानीय तहमा यस सम्वन्धी कानून निर्माणमा आवश्यकता अनुसार महासंघले सहजीकरण गर्ने निर्णय



वैठकले गरेको छ ।

५.कोरोना महामारीमा सावधानी र पहलबारे

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस संक्रमणको महामारी पुनः फैलिइरहेका कारण आवश्यक सावधानी र सुरक्षा मापदण्ड अपनाउदै आफ्नो दायित्व निर्वाह गर्न सबै सञ्चारकर्मी र सञ्चार गृहलाई आह्वान गर्ने , कोरोना भाइरस संक्रमणको महामारीका कारण रोजगारी गुमाएका पत्रकार, संकटमा परेका मिडियाका लागि आवश्यक सहयोगको पहल गर्ने ।

६. शोक प्रस्तावबारे

नेपाल पत्रकार महासंघ झापाका सदस्य कमल मिश्रको कोरोना भाइरस संक्रमणका कारण उपचारका क्रममा यही वैशाख २ गते विहीबार काडमाडौंमा ४९ वर्षको अल्यायुमै भएको अकल्पनीय निधनले महासंघ झापा शाखा मर्माहत र स्तब्ध बनेको छ । २०४९ सालदेखि पत्रकारितामा क्रियाशील मिश्रको निधनले नेपाली पत्रकारिता क्षेत्रमा अपुरणीय क्षति पुगेको छ । शोकको यस घडीमा गहिरो दुःख व्यक्त गर्दै दिवंगत मिश्रको आत्माको चिर शान्तिको कामना सहित यो वैठक भावपूर्ण श्रदाञ्जलि व्यक्त गर्दछ । साथै शोकाकुल परिवारजनमा यो वैठक गहिरो समवेदना व्यक्त गर्दछ ।

७. पुरस्कार तथा सम्मान सम्वन्धमा

महासंघ झापा शाखाको औपचारिक सिफारिसबाट वितरण हुने पत्रकारिता पुरस्कार, सम्मानहरु कार्यसमिति पदाधिकारी तथा सदस्यहरुले नलिने र उक्त सम्मान पुरस्कारहरु अन्य सदस्यहरुलाई सिफरिस गर्ने निर्णय वैठकले गरेको छ ।

८. महासंघका गतिविधिबारे

महासंघलाई साझा र समावेशी संस्थाको रुपमा स्थापित गर्दै महासंघका हरेक कामलाई प्रविधिमैत्री र पारदर्शी बनाउने, सवै गतिविधि सदस्यहरु समक्ष सम्प्रेषण गर्ने तथा खर्च प्रणालीलाई मितव्ययी बनाउने , अतिथि सत्कार लगायत कुनै पनि सन्दर्भमा मद्यपान, धुम्रपान तथा फजुल कार्यमा महासंघको बजेटबाट खर्च नगर्ने वैठकले निर्णय गरेको छ ।

९. वैठकमा सक्रियतापूर्वक सहभागिता जनाउने सबै पदाधिकारी तथा कार्यसमिति सदस्यहरुप्रति धन्यवाद ज्ञापनसहित अध्यक्षबाट वैठकको समापन भयो ।

# झिलझिलेमा वाटर किङ्गडम पार्क एण्ड रिसोर्ट



सन्दर्भ समाचारदाता

झापाको शिवसताक्षि नगरपालिका -८ झिलझिलेमा सुविधा सम्पन्न वाटर किङ्गडम पार्क एण्ड रिसोर्ट प्रालि सञ्चालनमा आएको छ । २ विगाहा ५ कठ्ठा क्षेत्रफलमा फैलिएको वाटर किङ्गडम पार्क एण्ड रिसोर्ट ४२ करोड लगानीमा राजकुमार संग्रौलाले सञ्चालनमा लूयाएका हुन् ।

रिसोर्टमा १६ वटा सुविधा सम्पन्न भिआईपि गेष्ट रुम, सेमिनार हाल र पार्टी हल रहेको होटलका सञ्चालक तथा कार्यकारी निर्देशकसमेत रहेका संग्रौलाले शनिवार पत्रकार सम्मेलन गरी जानकारी दिएका हुन् । संग्रौलाको एकल लगानीमा सञ्चालनमा आएको रिसोर्टमा मनोरञ्जनका लागि आउने पर्यटकका लागि टिकट खुल्ला गरेर संचालनमा ल्याएको कार्यकारी निर्देशक संग्रौलाले बताए ।

ार्कमा पानीमा खेलेर मनोरञ्जन लिने ८ प्रकारका खेल छन । पार्ककी अध्यक्ष मेनुकादेवी संग्रौलाले स्विमिङ पुल, वेब पुल, मल्टिलेण्ड स्लाइड, वेब स्लाइड, क्रुसर स्लाइड, सोफालेण्ड स्लाइड र पेन्डुलम स्लाइड सञ्चालन भइसकेको बताइन् ।

बच्चाका लागि किड्स जोन र सिक्स्पा पार्क वाटर किङडम पार्क छन् भने बृद्धबृद्धाका लागि विश्राम चौतारी पनि पार्कमा निर्माण गरिएको छ । युवायुवतीका लागि पार्कभित्र खान बस्न र पार्क भित्रका दृश्यहरू अवलोकनका लागि विभिन्न संरचनाहरू निर्माण गरिएका छन् । पार्कमा ४५ मिटर लामो सुरुङ मार्ग पनि सञ्चालनमा छ ।

पार्कभित्र भेज र नन भेजका फरक-फरक होटल सञ्चालन छन् भने आन्तरिक तथा बाह्य पर्यटकका लागि सुविधासम्पन्न २८ वटा कोठाको दुई वटा भवन निर्माण भएको छ । पार्कमा आउने पर्यटकले शिवसताक्षी नगरपालिकाको प्रमुख पर्यटकीयस्थलहरू सताक्षीधाम, चिल् लागढ पोखरी र दोमुखा पार्कभित्रका वालहरूमा देख्न पाइन्छ ।

पार्कबाट ७५ जना कर्मचारी रहेको सञ्चालक संग्रौलाले जानकारी दिए । पार्कमा आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि पूर्वका पर्यटकीयस्थल इलाम, झापा, धनकुटा, ताप्लेजुङ, पाँचथर, सुनसरी लगायतका स्थानहरुमा प्याकेजमा भ्रमण गराउने उनले बताए । उनले आन्तरिक तथा बाह्य पर्यटकले सस्तोमा पूर्वका पर्यटकीय स्थलहरूमा पुगेर मनोरञ्जन लिन सक्ने उनले बताए। कार्यक्रममा शिवसताक्षि नगरपालिका ८ का अध्यक्ष केहरसिंह बस्नेत, उद्योग बाणिज्य संघ शिवसताक्षिका अध्यक्ष भोला मैनालीलगायतको उपस्थिति थियो । कार्यक्रमको सञ्चालन पार्क सञ्चालक समितिका सचिव गणेश घिमिरेले गरेका थिए ।

**वंशावली**.........

समितिको उपाध्यक्षद्वयमा जितमान तिगेला (इलाम ) र मोहन प्रसाद तिगेला (सुनसरी), सचिवमा भिम तिगेला (धनकुटा ), कोषाध्यक्षमा भिम तिगेला (सुनसरी ) सह-सचिवमा जय प्रकास तिगेला (तेह्रथुम ), चयन भएका छन् । यसैगरि सदस्यहरुमा डा.कमल तिगेला (ललितपुर ), खड्क तिगेला (काठमाण्डौं ), रनवीर तिगेला (पान्थर ), मतिराम तिगेला (झापा ), रोशन तिगेला (मोरङ ), कमलसिं तिगेला (धनकुटा ), तोर्णदिप तिगेला (धनुकुटा ), अरुण तिगेला (तेह्रथुम ), कमलदिप तिगेला (धनकुटा ), लालकुमार तिगेला (धरान ), प्रकाश तिगेला (भोजपुर ) रहेका छन् ।

त्यसैगरी ११ सदस्यीय गठित सल्लाहकार समितिमा सन्तोष तिगेला (छथर ) गाउँपालिका अध्यक्ष , थानाहाङ तिगेला (जिल्ला समन्वय समिति सदस्य तेह्रथुम ), उत्तरमान तिगेला (युके सोलिसिटर ), क्या। गजरधन तिगेला (युके ), गंगाहाङ तिगेला (धनकुटा ), खडक तिगेला (तेह्रथुम ), खर्क तिगेला (हङकङ , टेकराज तिगेला (तेह्रथुम , विश्वासद्विप तिगेला (युके , लालबहादुर तिगेला (सुनसरी , भक्त तिगेला (अमेरिका रहेका छन् ।

यस्तै, कोषाध्यक्ष भिम तिगेलाको संयोजकत्वमा गठित आर्थिक समितिमा पदम तिगेला (तेह्रथुम ), कृष्ण तिगेला (धनकुटा ), भिमबहादुर तिगेला (पान्थर ), दिपक तिगेला (इलाम ), हर्क तिगेला (झापा ), धनबहादुर तिगेला (मोरङ ), खगेन्द्र तिगेला (सुनसरी ), उत्तरमान तिगेला र विश्वासदिप तिगेला (युके (, खर्क तिगेला (हङकङ (, थर्कदिप तिगेला (जापान ), रोशन तिगेला (अष्ट्रेलिया ), गोपाल तिगेला -द.कोरिया ), खगेन्द्र तिगेला (भारत ), भक्त तिगेला (अमेरिका ) , सनमान तिगेला (नेदरलैण्ड ) र शुकबहादुर तिगेला (क्यानडा ) रहेका छन् ।

त्यसैगरी 'तिगेला खेवाहाङ चुम्लुङ' ले तिगेला खेवाहाङ वंशावली लेखन तथा सम्पादनका लागि डा. कमल तिगेला लिम्बूलाई जिम्मेवारी दिनुका साथै तथ्यांक संकलन तथा व्यवस्थापनको जिम्मा खड्क तिगेलालाई जिम्मा दिने निर्णय गरेको छ ।

साईनोले जेठो लालकुमार तिगेलाको प्रमुख आथित्यमा 'निङवा तङगर आदङलो, फक्ताङ तङगर सिंपङलो' भन्ने नाराका साथ व्यानर पढेर उद्घाटन गरिएको सो समारोहमा भेलाको औचित्य माथि प्रकाश डा. कमल तिगेला लिम्बूले गरेका थिए । परिचय कार्यक्रमबाट प्रारम्भ भएको सो भेलामा तेह्रथुम, धनकुटा, भोजपुर, पान्थर, इलाम, झापा, मोरङ, सुनसरी, काठमाण्डौ, ललितपुरका तिगेला खेवाहाङहरुको सहभागिता रहेको थियो । विसं। २०५४ सालमा प्रकाशित ' मानव उत्पति र खेवा वंशावली' का मस्यौदाकार शिव तिगेलाले विभिन्न जिल्लाबाट आएका तिगेला वंशहरुलाई स्वागत गर्न भएको थियो भने भेलामा काठमाण्डौका खड्क बहादुर तिगेलाले छलफलका लागि प्रस्तावहरु प्रस्तुत गरेका थिए ।

करिब ४० जना सहभागि रहेको उक्त भेलालाई सम्बोधन गर्दै छथर गाउँपालिकाका अध्यक्ष सन्तोष तिगेला खेवाहाङहरुको यस कार्यक्रम ऐतिहासिक भएको टिप्पणी गरे ।

उनले वंशावली प्रकाशन र छथरे भाषा एवम् किरात सिरिजंगा लिपीमा पठन पाठनका लागि गाउँपालिका सरकारबाट आर्थिक बजेट छुटाउन आफु तयार रहेको बताए । यसैगरी उनले आगमी खेवाहाङ चुम्लुङ थिवोङ याक्थुङ यक (दश लिम्बू मध्येको गढ ) ताक्लुङ स्थित तागेरा तुरुम फुकु (ओढार ) मा गर्न प्रस्ताव समेत गरेका छन् । डा. कमल तिगेलाका अनुसार उक्त फुकु (ओढार ) खेवाहाङहरुको उत्पतिस्थलको रुपमा मानिन्छ । सो ओढारबाट उत्पति भएकाहरु, काठमाण्डौं उपत्यकाबाट राजधानी सार्ने किरात राजघरनाहरु, नागाहरु, खादी, लेप्चा, मोरङगे राजाका सन्ततिहरुको समष्ठिगत रुपनै आजको खेवाहाङ राष्ट्र भएको उनले बताए ।

आदिवासी र मूलबासी किरात याक्थुङ (लिम्बू )हरुको परम्परागत र प्रथाजनित संस्था 'चुम्लुङ' अन्तरगत पुनरस्थापित पुनर्गठित 'तिगेला खेवाहाङ चुम्लुङ' को हाङ डा।कमल तिगेला खेवाहाङलाई सो भेलाले समेत चयन गरेको छ । सो भेलामा हाङ डा।तिगेलाद्वारा प्रस्तुत चुम्लुङको संरचना तुतु- तुम्याङरयारुला सुहाङ, नालि-थाङवेनरसिसा-मेन्छ्या, पेगिफाङ्साम, पासिङ रहने छन ।

जसमा हाङ कार्यकारी प्रमुख र संयोजक (अध्यक्ष ), तुम्याङ (न्यायिक ), फासिङ (आर्थिक ), इङमेबा (सरदार ), योक्थोक्वा (राजदुत ), सिजोरा इङमेसा (सूचना संचार ), थक्सुबा (योद्धा/लडाकु दस्ता ) आदि रहनेछन् । प्रस्तुत अवधारणा अनुसार 'तिगेला खेवाहाङ चुम्लुङ' ले उपनिवेशवादी आधुनिक संस्थाका संरचनाको सट्टा आदिवासी र मूलबासी किरात याक्थङ (लिम्बू )हरुको परम्परागत र प्रथाजनित संस्था 'चुम्लुङ' को संरचनालाई अवलम्बन गर्ने निर्णय उक्त भेलाले गरेको छ ।

